
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

बुलेटिन ५, वर्ष २

# अर्हत

शक सं. १९३४ वि.सं. २०६९ साउन १८ ने.सं. ११३२ गुँलाथ्व गुन्हीपून्हि,



भनपा ४ क्वाठण्डौ टोलस्थित चैत्य

फोटो : सौजन्य चेतन शाक्य

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रो पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्ने छैन । यो शील राम्ररी पालन गर्नेछु ।

म झूठ कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागुपदार्थ सबै छोड्ने शील राम्ररी पालन गर्छु ।

*श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजी पात्रबाट साभार*

# अर्हत

वर्ष २ | बुलेटिन ५ | २०६९ जनै पूर्णिमा

सम्पादन/प्रकाशन

बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

विशेष सहयोगी

गोपीकृष्ण प्रजापति

कम्प्युटर

सिद्धि डिजाइन

फोन - ६६१९१०७

मुद्रण

सिद्धिगणेश अफसेट प्रेस इनाचो

भक्तपुर

फोन - ६६१४७५३

सहयोग रु. २०।-


अर्हतलाई बौद्ध साहित्यहरु दिई सहयोग गरिदिनु हुन पाठक वर्गहरुमा अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

# प्रकाशकीय

विश्वका सम्पूर्ण दर्शन र धर्महरुको एउटै उद्देश्य हो - 'सर्वजन हिताय: सर्वजन सुखाय: ।'


यही भावना अंगालेर विश्वका विभिन्न ठाउँहरुमा आफ्नो दर्शन र धर्मको प्रचारमा लाग्छन् मान्छेहरु । यसैकारण आज संसारमा हिन्दु, मुस्लिम, बौद्ध र इसाई आदि धर्महरु फैलिएका छन् । आफूलाई विश्वास लागेका विचारलाई अंगाल्दै अघि बढेका छन् मान्छेहरु ।

समयको क्रमसँगै 'सर्वजन हिताय: सर्वजन सुखाय:' को बदलामा विभिन्न धर्मका केही पक्षपातीहरुले धर्मको नाममा जनतालाई शोषण गर्न थाले । जनतामा अन्धविश्वास फैलाउन, विभिन्न किसिमको लोभलालच देखाई धर्म परिवर्तन गराउन, अर्काको देश माथि उपनिवेश खडा गर्न धार्मिक साम्प्रदायिकता फैलाउन खोजे । हामी नेपालीहरु विभिन्न दर्शन र धर्ममा विश्वास गर्छौं, सबैले सबैको धर्ममा आस्था राख्छौं । यो हाम्रो धार्मिक सहिष्णुता हो । यसलाई हामीले सुरक्षा नगरी कसैको लोभलालचमा आफ्नो आस्थालाई परिवर्तन गर्नु अपराध होइन र ?

हिजो आज केही मान्छेहरुले इतिहासलाई बङ्ग्याउने प्रयास गरिरहेको समाचार सुन्नमा आएको छ । सुडाल गाविस छाप्राचोकस्थित महामञ्जुश्रीको मूर्तिलाई विस्थापित गरेर भारतमा निर्मित सरस्वतीको नयाँ मूर्ति प्रतिस्थापित गर्ने दुष्प्रयास गरिरहेको कुरा थाहा हुन आएको छ । यस्तो गलत प्रवृत्तिको विरुद्ध नेपाली जनता सचेत हुनु पर्दैन र ?

यहाँहरुको विश्वास र सहयोगबाट हामी अर्हतलाई निरन्तरता दिने प्रयासमा छौं । साथै अर्हतभित्र देखिएका कमी कमजोरीप्रति यहाँहरुको अमूल्य सुझावहरुको अपेक्षा राख्दछौं ।

अस्तु



# बुद्धको अर्थनीति

**भिक्षु अश्वघोष** (मन्तव्यको संक्षिप्त पाठ)

आदरणीय सभापति र श्रद्धालु महिला तथा सज्जन वृन्द !

हामी भगवान बुद्धको गुण सम्झेर, जीवन राम्ररी सुहाउँदो तरिकाले अगाडि बढाउँदै लान र शिक्षा लिन पनि यहाँ भेला भइरहेका छौं । तर धेरै नै शिक्षा हासिल गरे तापनि विद्वान भए तापनि सुनी रहे तापनि, सुनाई रहे तापनि जीवनमा हात मुख जोर्न गतिलो भएन भने हामी गतिला हुँदैनौं ।

हात मुख जोर्न सकिएन भने जतिसुकै जान्ने-सुन्ने भए पनि, जतिसुकै धर्म मनपर्छ भनिरहे पनि, जतिसुकै राम्ररी हिंड्नुपर्छ, सुहाउँदा तरिकाले लाग्नुपर्छ, भने तापनि हामी गतिला हुन सक्दैनौं । भगवान बुद्धले भिक्षुहरूलाई जीवन पाल्नको लागि ४ वटा कुरा जुत्नुपर्छ भन्नुभएको छ ती हुन् - चीवर, पिण्ड पात्र, सयनाशन र गिलान पत्ते ।

चीवर भनेको हामीले लाएको यो पोशाक हो । यसलाई चीवर भनिन्छ । कतिले गाउँमा जाँदा सारी पनि भन्छन् । सारी लाएर आएको यो मान्छे आइमाइ हो कि लोग्ने मान्छे हो ? पनि भन्छन् । त्यसैले जानिराख्नुपर्छ - चीवर भनेको भिक्षुहरूले लगाउने लुगा हो ।

पिण्ड पात्र भनेको बरोबर कालो गोल्पा लिई भिक्षा माग्न आएको देख्नु भएकै होला । त्यो शब्दको अर्थ खाना हो ।

सयनाशनको अर्थ बस्ने घर, सिरक डसना र गिलान पत्ते भनेको आफू रोगी हुँदा चाहिने औषधि हो ।

भिक्षुहरूलाई यी चारथोक पूरा भएन भने भिक्षुहरूले राम्ररी शील पालन गरी बस्न सक्दैनन् । यो भगवान बुद्धले भन्नुभएको हो ।

अर्थशास्त्र अध्ययन गरिरहेकाहरूले आजभोलि के विचार गरे भने पैसा धेरै कमाउनुपर्छ, पैसा नभइकन सुख हुँदैन, दुःख हट्दैन, कमाउनुपर्छ - कमाउनुपर्छ भन्छन् । अर्थशास्त्र भनेको त्यसरी पैसा थुपार्ने होइन । धन कुबेर हुने होइन । भगवान बुद्धको अर्थ नीति पनि धन कुबेर हुने होइन । अनि के त मगन्ते भएर बस्ने भनेको त ?

अर्थशास्त्रले पनि भनेको छैन, भगवान बुद्धको अर्थनीतिले पनि भनेको छैन - मगन्ते भएर बस भनेर, खानै नपाउने भएर बस, लगाउनलाई लुगै नहुने गरी बस, जसरी भए पनि चूप लागेर, सहेर बस पनि भनेको छैन । (बुद्धको) कथा सुन्दा धेरै सहेर बस्नुपर्ने कुरा सुनिन्छ । तर यस्तो कुरामा भगवान बुद्धले सहेर बस भन्नुभएको छैन । परिश्रम गरी पैसा कमाउनुपर्छ । पैसा कमाए जस्तै त्यसलाई थुपार्ने थन्क्याई राख्ने मात्र होइन, त्यसलाई सदुपयोग गर्ने पनि जान्नुपर्छ । त्यसो भनेको कमाइअनुसार लगाउन पनि जान्नुपर्छ, खान पनि जान्नुपर्छ आफ्नो बाल-बच्चाहरूलाई लुगा फाटा दिने, पढाउने, आवश्यक प्रबन्ध मिलाइ दिने, त्यस्तै अनाथहरू, गरिबहरू तथा कोही सहयोग गर्नुपर्नेहरू भए उनीहरूलाई पनि सहयोग दिन सक्नुपर्छ । त्यो जमिनमा, सेफमा थन्क्याई मात्र राख्नलाई होइन । थन्क्याई मात्र राख्यो भने कमाउने

मात्र गर्‍यो भने, त्यसबाट अशान्ति हुन्छ । भगवान बुद्धले धन थुपारी राख्यो भने चोरको डर हुन्छ, आगलागीको डर हुन्छ, बाढी आएर बगाउला भन्ने डर (भय) हुन्छ भन्नुभएको छ । तर मात्र पैसा कमाउने विचार 'तृष्णा' लाई भगवान बुद्धले दुःखको कारण भन्नुभएको छ । दुःखको कारण धेरै छन् । आज भोलिको भाषामा भन्ने हो भने आर्थिक असमानता पनि एउटा दुःख हो । शोषण भनेको बलियाले निर्बलियालाई दमन गर्नु हो । यो पनि एउटा दुःख हो । भगवान बुद्धको अर्थनीति हेर्दै लगेको खण्डमा हामीले पाउने छौं कि मानिसहरूमा सन्तोषको भाव छैन । जति भए पनि पुग्दैन, कमाउने - कमाउने = आज भोलि हामी कहाँ ठूल ठूला घर हुनेहरू धेरै छन् । मिठो मिठो खाने पिउने पनि धेरै पाउँछन् । लुगा पनि राम्रै लगाउँछन् । मोटर पनि छ । दिनको दसौं बिसौं हजार लाखौं रुपैयाँ कमाउँदै गरे, तर पनि अझै पुग्दैन । जो मानिस कमाउनेमा मात्र लाग्छन् उसलाई सुख हुँदैन, शान्ति हुँदैन । पीरैपीर मात्र । आजभोलि काठमाडौं, पाटनका ठूलठूला घरमा दिनको हजारौं हजार, लाखौं लाख रुपैयाँ कमाउँदै गरेकाहरू पनि छन् । करोडौं करोड पैसा भइसक्यो । ३-४ जना दाजुभाइहरू भए तरत्यो घरमा कहिल्यै शान्ति भएन दुःखै दुःख मात्र । त्यो सम्पत्तिको कारण दाजुभाइहरूबीच कलह मात्र भए ।

अहिले उनीहरू भन्दैछन् - यतिको दुःख हुने थाहा पाएको भए पैसा कमाउने नै थिइन होला । आजभोलि मानिसहरू भन्छन् कि पैसा भए पुग्छ, अरु केही चाहिँदैन, धर्म पनि चाहिँदैन, कर्म पनि चाहिँदैन, पैसामात्र भए पुग्छ । पैसा नभए आफन्तहरूले पनि पत्यार गर्दैनन्, साथीहरूलॆ पनि पत्याएनन्, धर्म गर्ने ठाउँमा गए पनि पत्यार छैन । त्यसो भएकोले पैसा मात्र भए पुग्छ । तर बुद्धको अर्थ नीतिअनुसार पैसा मात्र भए पुग्छ भन्ने कुरा होइन । भगवान बुद्धको अर्थनीति अनुसार भोको पेट भएकाले धर्मको कुरा बुझ्नी लिन सक्दैन । भगवान बुद्धले भन्नुभयो - पैसा धेरै हुने पनि निर्वाण प्राप्त गर्दसक्दैन, खानै नपाउने भोको पनि निर्वाण प्राप्त गर्नसक्दैन । भनाइको मतलब मनमा शान्ति हुँदैन । पैसा धेरै हुनेहरूको पीर त हामीले धेरै सुनेका छौं । यो तृष्णाले गर्दा हङकङ, बैंककबाट आउने हवाई जहाजमा हजारौं हजार घडी भएको बाकस, सुन छोडी सुत्त भाग्छन् । कति दुःख भयो । यही तृष्णाले गर्दा देउता बेचेर पनि पैसा कमाएका छन् ।

मैले अघि नै भने, भगवान बुद्धले भोको पेट भएको बेला धर्मको कुरा बुझ्नी लिन सक्दैन र उसले निर्वाण प्राप्त गर्नसक्दैन भन्नुभएको थियो । एकपटक भगवान बुद्धले भिक्षुहरूलाई बोलाएर भन्नुभयो - ए भिक्षुहरू ! तिमीहरू खाली खान्छौ-सुत्छौ मात्र धत्तेरी ! 'साँढे जस्तै बाँचिरह्यो' भने शब्द प्रयोग गर्नुभयो ।

हैन, भन्ते, के गर्नुपर्‍यो त हामीले, काम गर भन्नुभएको त ?

काम गर भनेको होइन, भगवान बुद्धले भन्नुभयो - तिमीहरूसित ज्ञान छ, ज्ञान नभएर मानिसहरु कति निदाइरहेका छन्, अँध्यारोमा परिरहेका छन् । उनीहरूलाई कथा सुनाउन जाउ, उपदेश दिन जाउ, ज्ञानको प्रचार गर्न जाउ, ज्ञानको दियो बाल्न जाउ !

ए ! त्यसो ! आज्ञा दिनुस् त भगवान, भन्दै एक भिक्षु सरासर बाहिर गयो ! बाहिर खान नपाएका एकजना दुब्लो मगन्ते बाटोमा मागिरहेको थियो - 'हजुर एक पैसा पाउँ' 'एक मुठी चामल पाउँ !' त्यो भिक्षु गएर 'ए ! माग्ने मात्र होइन । कथा सुन, म कथा भन्छु' भन्यो । त्यो मगन्तेले भन्यो 'तिम्रो कथा चाहिँदैन मलाई, मलाई भोक लागिरहेको छ । मलाई एक पैसा भए पुग्छ - एक पैसा देउ - तिम्रो कथा चाहिँदैन ।'

'एकै छिन त सुन ।'

'सुन्दिन भन्या, तिमी जहाँ जानु पर्ने हो जाउ ।'

'म भगवान बुद्धको आज्ञाअनुसार 'बहुजन हिताय

बहुजन सुखाय' लक्ष्य लिइ यो कथा भन्न आएको, तिमीले कथा सुनेनौ, जाऔं अब भगवान बुद्ध कहाँ ।' भनौ नाई नाई भने तापनि भिक्षुले मगन्तेलाई पाखुरा समाती तानेर लग्यो ।

भगवान बुद्धले सोध्नुभयो 'किन हेर्दैमा गरिब, खानै नपाएकालाई नाई नाई भने पनि तानेर ल्याएको ?'

हजुरले नै कथा भन्न जाउ भन्नुभएको होइन ? कथा भन्न जाँदा बाटोमा उ मागी रहेको थियो । मैले उसलाई कथा सुन भन्दा, कथा सुन्ने मन छैन रे ।

भगवान बुद्धबाट आज्ञा भयो - तिमीलाई के भयो ? किन तिमीलाई कथा सुन्ने मन छैन ?

'म त मागी खाने, मलाई धर्म चाहिएको छैन । मलाई भोक लागिरहेछ । मलाई खाना भए पुग्छ ।'

'ए । भोको पेट भएकोले तिमीलाई कथा सुन्न मन नलागेको ?'

'हो, त्यसै हो ।'

'ए भिक्षुहरू, खानेकुरा केही बाँकी छैन ? लौ यसलाई पेटभरि खान देउ त ।'

त्यस मगन्तेले पेटै टन्न हुने गरी खायो - डकार्दै उ चुपचाप बसिरह्यो । भगवान बुद्धले भन्नुभयो 'अब जाउ' । यो सुनेर त्यो भिक्षुले भन्यो 'लौ हामीलाई भने कथा भन्न जाउ कि जाउ भन्नुभयो, अब त्यो कथा नै नसुन्नेलाई, पेटभरि ख्वाईसकेपछि जाउ रे । तपाईंले कथा किन नभन्नुभएको त ? भगवान बुद्धले भन्नुभयो 'मैले कथा भनिसकें' । भगवान बुद्धको अर्थ नीति भनेको यही हो । भगवान बुद्धले भन्नुभयो - 'भोकाएकालाई भोक मेटाई दिएँ, सिद्धि गो कुरा । कथा यही हो ।' तर त्यो भिक्षुले बुझेन ।

'जिगत्सा परमा रोगा' भगवान बुद्धले भन्नुभएको छ - मानिसहरूलाई एउटा ठूलो दु:ख, रोग छ त्यो हो - भोग । (भोक लाग्दा तपाईंहरूलाई काम गर्न मन लाग्छ ? केही कुरा सुन्न मन लाग्छ ? मन पर्दैन । भोक लाग्दा हामीलाई पनि कथा भन्न मन लाग्दैन ।) बुद्धले भन्नुभयो 'सव्य सत्ता आहारथीका' अर्थात् सबै प्राणी आहारमै भर पर्छन् ।

राजदरबार त्यागी सिद्धार्थ कुमार 'केही नखाई तपस्या गर्दा दुब्लो हुँदै गयो, ज्ञान नै सिद्धिँदै गयो मेरो लक्ष्य नै हराएर जान थाल्यो । यो ठीक कुरा रहेनछ' भन्दै, 'पहिले शरीर बलियो पार्नुपर्छ, अनि मात्र मन बलियो हुन्छ' भन्ने बुझेर फेरि खान सुरु गर्नुभयो । अनि बोधी ज्ञान प्राप्त भयो ।

भगवान बुद्धको अर्थनीतिअनुसार मानिसहरूलाई चारवटा चिजहरू चाहिन्छ अति सुख, भोग सुख, अगुती सुख र अनभद्र सुख । पहिलो हो - अतिसुख । अतिसुख भनेको दैनिक जीवनयापन गर्नलाई अत्यावश्यक चाहिने वस्तु म सित छ' भनेको हो । अर्थात् खाना, सुत्ने ठाउँ, लगाउने लुगा, भाँडा कुरा आदि नभई नहुने वस्तुहरू मसित छ' भनेको हो । सारमा आवश्यक वस्तु अरुसित लिन नपर्ने गरी आफूसित हुनु ठूलो सुख अर्थात् अति सुख हो ।

त्यसपछि आफूले दु:ख गरी कमाएको वस्तु आफूले मनपरेअनुसार खर्च गर्न पाउनु त्यो भोग सुख हो । ३/४ जना दाजुभाइ भएको घरमा आफूले दु:ख गरी कमाएको धन आफ्नो मन परेअनुसार खर्च गर्न पाइँदैन । दाजुभाइलाई मनपर्छ कि पर्दैन बुझ्नुपर्छ ।

बुद्ध जयन्तीलाई चन्दा माग्न आयो, चन्दा दिन मेरो दाजुलाई एकचोटि सोध्नुपर्छ, मेरो भाइसित सोध्नुपर्छ, आमा बाले मेरो छोरीसित सोध्नुपर्छ । कतिले निहुँ पनि पार्छन् । केहीगरी दियो भने 'तिमी एक जना मात्रको कमाई हो र, तिमीलाई धर्मप्रति श्रद्धा हुँदैमा हामीलाई पनि हुनैपर्छ र ?' भनी तुरुन्त झगडा हुनसक्छ । आफूले कमाएको धन आफ्नो खुसीसाथ प्रयोग गर्न पाउनु भोग सुख । ऋण नलगाई जीवन यापन गर्न पाउनु पनि एउटा ठूलो सुख हो ।

अतिसुख, भोगसुख, अगितसुख, अनभद्र सुख प्राप्त गर्नको लागि हामीले पेशा वा काम गर्नुपर्छ । काम गर्दा निर्दोष पूर्वक गर्न सक्यो भने त्यो एउटा ठूलो सुख हो । आजभोलि कमाउन त धेरै कमाउँछन्, तर अरुलाई दु:ख दिई, शोषण गरी । 'अरुलाई दु:ख दिई कमायो' भन्ने सुन्नुपऱ्यो भने त्यो कमाउनुको के अर्थ भयो ? यसो गरेर उसले कमायो, कालो बजार गऱ्यो, अरुलाई दु:ख दिई, अनेक भन्छ भने त्यो निर्दोष पूर्वक कमाएको हुँदैन । अति सुख प्राप्त गर्न भगवान बुद्धले भन्नुभएको छ 'मेहनत' गर, अल्छी नहोउ । गर्मी छ, जाडो छ, भनेर अल्छी मानेर नबस, घाम लागि सक्दासम्म पनि सिरक ओढी तिमी सुति नबस, खल खल पसिना नआउञ्जेल मेहनत गर, मेहनत गरी पैसा कमाउ ।

त्यस पछि हामीलाई असल साथी पनि चाहिन्छ । हामीलाई उत्साह दिने, सुझाव दिने, राम्रो काम गराउने, राम्रो काममा मेहनत गराउने पनि चाहिन्छ । जहिले पनि सिनेमा मात्रै हेर्ने, जहिले पनि खेल्ने ठाउँमा, भट्टीमात्रै जाने साथी कहिले पनि गतिला हुँदैन । जति पैसा भए पनि उसले सुख पाउँदैन । उ बिग्रिन्छ । त्यसैले असल साथी पनि चाहिन्छ ।

त्यसपछि सम्यक जीवनको लागि आम्दानीअनुसार खर्च गर्न पनि जान्नुपर्छ । ४।- रुपैयाँ आम्दानी गरी ८।- रुपैयाँ खर्च गर्नुपऱ्यो भने उसको जीवन सुखमय हुँदैन । हुन त यो उपदेश दिए तापनि आजभोलि ४ रुपैयाँ कमाई ८ रुपैयाँ खर्च गर्नुपर्ने अवस्था पनि आउलान् । विवाह, दाइजो, आदिमा धेरै खर्च गर्नुपर्ने हुन्छ, तैपनि भगवान बुद्धको उपदेशअनुसार 'आम्दानीअनुसार खर्च गर्न जान्नुपर्छ' 'अहिले' माष्टरहरूको जीवन हेर्ने हो भने महिनाको अन्ततिर पैसा सबै सुख्खा हुन्छ । कहिले १ गते आउला भनेर बस्नुपर्ने हुन्छ । कति यस्ता पनि छन् - तलब लिनासाथ कहिले नसकिने जस्तो ८/१० दिनमै आधाभन्दा बढी खर्च गर्छ, साथीहरू बोलाई पछिको विचारै नगरी लौ मोज गरौं भनी खर्च गर्छ यो ठीक होइन । आम्दानी अनुसार खर्च गर्न जान्नुपर्छ ।

अस्ति यहाँ भक्तपुरकै एकजनाले भन्यो - हामी बिहारमा बस्नेले व्यापार गर्न हुन्न रे । अरु नै काम गर्ने त्यो काम नगर्ने भन्यो । नाफा लिनुपर्ने काम नगर्ने भन्यो ।

नाफा खानुहुन्छ । नाफा खान नहुने भए भनौं चामल एक मुरीको १००।- रुपैयाँमा ल्यायो, भरियालाई भरिया भाडा दियो, आफ्नो दिनभरिको ज्याला, पसल भए पसल भाडा आदि त्यो चामल बेच्दै सबै उठ्नुपर्छ कि पर्दैन ? अहिले यो बुद्ध जयन्तीलाई चन्दा लिन आएमा ४/५ रुपैयाँ पनि दिनुपर्छ । नाफा नखाए कहाँबाट लिई दिने त ? हामीलाई कसले दान दिन्छ ? नाफा खान नहुने होइन । तर दुधमा पानी मिसाउनु, चिनीमा पानी मिसाई, तौल बढाउनु, पिठो पनि मिसाउनु । यस्तो काम गर्नुहुँदैन, कालो बजार गर्नुहुँदैन, कालो व्यापारी हुनुहुन्न । बौद्धहरूले व्यापार गर्नुहुन्न भन्छ भने यो बौद्धहरूलाई झन् झन् तल पार्ने षड्यन्त्र हो । यो बुद्धको नीति होइन, बुद्धले नकमाउ भन्नुभएको छैन । व्यापार नगर भन्नुभएको छैन । भगवान बुद्धले 'हामीले कुनै वस्तु उत्पादन गर्दा त्यो वस्तु कहाँ छैन, एकचोटि विचार गरेर त्यहाँ लगि बेच्दा त्यसबाट बढी नाफा आउँछ भन्नुभएको छ । त्यसैले बौद्धहरूले पञ्चशील लिदैमा व्यापार गर्न नहुने भन्ने धारणा गलत हो । तर अघि भने जस्तो विभिन्न मिसावटहरू गर्नुहुन्न । तर मानिसहरूमा कस्तो कुभावना विकास भयो भने कसरी अरुलाई झुक्याउने, कसरी धेरै पैसा कमाउने, कसरी चाँडै धनी हुने मात्र सोच्न थालेका छन् । यस्तो छलकपट गर्न बुद्ध अर्थनीतिले भन्दैन । बौद्ध धर्मअनुसार आर्थिक उन्नतीको लागि ठूलठूला उत्पादन सामूहिक हुनुपर्छ, व्यक्तिगत हुनुहुँदैन । त्यसैले हामीलाई तपाईंहरूले दान दिंदा त्यो हाम्रो संघमा दिनैपर्छ । हामीसित अरु केही नभए पनि संघ शब्दलाई महत्त्व दिइरहेका छौं । आर्थिक उत्पादनमा बौद्ध धर्मले संघलाई महत्त्व दियो, व्यक्तिगतलाई दिएन ।

व्यक्तिगतको कारणले गर्दा धेरै अशान्ति भयो । असमानताले गर्दा पनि धेरै अशान्ति भयो । तृष्णा भावले जति भए पनि नपुग्ने असन्तुष्ट भावनाले पनि अशान्ति भइरह्यो । शोषण गर्ने नीतिले पनि अशान्ति भइरह्यो । तर भगवान बुद्धको अनुसार आर्थिक उन्नतीमात्र भएर, पैसा मात्र भएर मानिसहरूलाई सुख हुँदैन । सन्तोषको भावना, दयाको भावना पनि चाहिन्छ । मेरो पैसा अरुको लागि हो, थन्क्याई राख्नलाई होइन भने विचार राखी खर्च गर्न जान्यो भने, घरमा बाल बच्चाहरूको लागि आवश्यक खर्च गर्न सक्यो भने मात्र ठीक हुन्छ । अर्थनीतिबारे धेरै कुराहरू छन् समयले साथ दिएन । आजलाई यही टुङ्ग्याउँछु ।

धन्यवाद ।

*साभार पंचायत अंक ७ वर्ष २, २०४१*

- जसरी हावा चलेको दिशातिर धुलो फ्याँक्दा त्यो धुलो आफैतिर आइपर्दछ, त्यसैगरी शुद्ध, क्लेश र मलबाट निर्लिप्त निर्दोष (अर्हत) लाई जसले दोषारोपन गर्दछ, त्यस्ता मूर्खले नै पापको फल भोग्नुपर्दछ ।

- सबै प्राणीहरु दण्डदेखि डराउँछन्, सबै मृत्युदेखि डराउँछन् भन्ने कुरा बुझी आफूलाई नै उदाहरण बनाएर कसैलाई पनि हनन नगर्नु, घात पनि नगर्नु ।

धम्मपद

अत्यन्त बलियो तथा आकर्षक सिलाईको निम्ति सम्झनुस् !

न्हुछे पूर्ण नं पस:

यालाछेँ व्यासी ख्वप – १०

यहाँ तयारी विद्यालयको पोशाक पाइन्छ ।

मो. ९८४११११८११

प्रो. न्हुछेँकुमार लासिव

# नेपालको कला र संस्कृतिको अध्ययनको निम्ति आवश्यक पृष्ठभूमि



**नारायणमान बिजुक्छें**

नेपाल र नेपाली कला-संस्कृति (चित्रकला, वास्तुकला, काष्ठकला, मूर्तिकला, नाचगान, हास्यव्यंग्य, चाडपर्व, खेलकुद, श्रृंगार आदि) बारे छलफल गर्दा नेपाल उपत्यकाको उत्पत्ति, त्यहाँ प्रवेश गरेका प्राचीन जातिहरू, तिनीहरूको स्थिति (समाज विकासको चरण), भाषा र प्रभावबारे जानकारी आवश्यक छ । ती जातिहरूमाथि विजय गर्ने अन्य जातिहरूको प्रभाव र संसर्गबाट बनेको वर्णशंकर वा सम्मिलित कला र संस्कति हो ।

तर यसबारे छलफल गर्दा आजसम्म प्रकाशित देशी र विदेशी इतिहासकारहरूको भन्दा भिन्न मत राख्नुपर्ने देखिन्छ अर्थात् पुराना व्याख्यालाई पुनर्विचारको आवश्यकता अनुभव हुन्छ । भाषाको ज्ञानको अपर्याप्तता, साधनको कमी, लेखन उद्देश्य र पूर्वाग्रहकै कारणले पनि नेपालसम्बन्धी इतिहासबारेको धारणाहरू र टुङ्गो अपूर्ण छ । आवश्यक अध्ययन र चिन्तनको अभावले पनि त्यस अपूर्णता र कमीलाई सहयोग पुऱ्याउँछ । नेपाल इतिहाससम्बन्धी नयाँ दृष्टिकोणबारे विचार गरौं ।

१) ३ देखि ४ हजार वर्ष अगाडि उत्तरतिरबाट मंगोल, चिनियाँ र भोटे जातिहरूका मध्य पाषण युगका मातृसत्तात्मक दलहरू उपत्यकामा प्रवेश गरे । उपत्यका त्यसबेला ठुलो दह भएको हुँदा ती दलहरू साँक्व (वज्रयोगिनी), फुच्व (फुचो), ध्यमाच्व: (धेमाचो) जस्तो उँचो ठाउँमा बसोबास गरे । मातृसत्तात्मक समाजमा पिताको ज्ञान हुन्न र छोराछोरी आमाको नामबाट चिनिन्छन् । मध्य पाषाण युगमा आगोको आविष्कार भइसकेको हुन्छ र मान्छेको मासु पनि खाने गरेको हुन्छ । जीविकाको मुख्य साधन कन्दमूल, शिकार र पशुपालन हुन्छ । समाजको विकासमा यसलाई घुमन्तु र बर्बर अवस्था भनिन्छ । टोकरीमा माटो लिपेर भाँडा बनाउन जानेपछि, पशुपालनको विकास र पशुको निम्ति घाँसको खेतीले कृषिको आरम्भमा त्यो समाज पुग्छ । अनि त्यो समाजको घुमन्ते स्वभाव घट्छ र गाउँको रुप लिन्छ । छाप्रो र ईँटको निर्माण हुन्छ ।

वज्रयोगिनी त्यस्तै एक जातिको प्रतीक हो । 'वज्र' ले 'ढुंगेयुग' को संकेत दिन्छ । 'योगिनी' शब्द मातृ जातिलाई जनाउँछ । त्यहाँ सधैं बलिरहने आगोले आगोको आविष्कार र सलाइको अभावको प्राचीनकाललाई औंल्याउँछ । 'रातो' र 'पहेंलो' माईको रंगले मंगोल र चिनियाँ माताहरूको प्रतिनिधित्व गर्छ । चिनियाँ भाषामा रातोलाई 'होंग' भनिन्छ र नेवारीमा भाषामा 'ह्याउँ' । 'ह्वाङ्ग हो' को चिनियाँ अर्थ 'पहेंलो नदी' हो । नेवारी भाषामा पहेंलो रंगलाई 'म्हासु' भनिन्छ । यसकारण वज्रयोगिनीको 'म्हासु ख्व: माजु' र 'ह्याउँ ख्व: माजु' ले चिनियाँ र मंगोल माताको अर्थ दिन्छ ।

२) अहिलेसम्म प्रकाशित इतिहासअनुसार ३,००० वर्ष अगाडि नै मञ्जुश्रीले दह बनेको उपत्यकाको पानीलाई चोभार डाँडा काटी खोलिदिएका हुन् ।

'मञ्जुश्री हिन्दु वा संस्कृत शब्द देखिनुको अर्थ पछि नेपाल पसेका आर्य जातिको व्याख्याको कारण हो । त्यसको ठीक शब्द 'मञ्चु सेसं' हुनुपर्छ । चिनियाँ भाषामा मंगोल जातिलाई 'मञ्चु' र 'सेसं' को अर्थ 'गुरु' वा 'शिक्षक' हो । 'मञ्चु सेसं' लाई भाषागत र श्रुतिगत दोषले 'मञ्जुश्री' भनेको हुनुपर्छ ।

३) दहको पानी घट्दै गएपछि फूच्च:को बस्ती गोदावरी, बज्रयोगिनीको बस्ती साँक्व (साँखु) मा झर्‍यो । यही रीतले ल्हासा पा ससुद्यो (ल्हासापाको सरस्वती) भक्तपुर जिल्लाको सुडाल गाउँको डाँडाको बस्ती पनि तल झर्‍यो ।

चिनियाँ भाषामा 'को' को अर्थ 'देश' हुन्छ । भोटेहरूको देशलाई नेवारी भाषामा 'साँय् को' भनियो र पछि 'साको' र आर्यहरूले त्यसलाई 'साँखु' उच्चारण गरे ।

'सरस्वती' संस्कृत वा आर्यहरूको शब्द हो । सरस्वती यसकारण ल्हासाबाट होइन भारतबाट आउनुपर्ने हो । तर ल्हासाबाट हरेक वर्ष जाडोमा गुरुमाहरूको दल आवतजावत भैरहन्थ्यो, उपत्यकामा बसोबास गरेका पुराना दलहरू ल्हासाबाट आएका गुरुमाहरूलाई एकदिन अगाडि तेल लगाउन जान्थे, भोलिपल्ट ऊनको काम र चताम्हारी बनाउन सिक्न जान्थे । यो चलन आज पनि चलेकै छ । यसकारण उपत्यकामा बसोबास गरेका सुरुका जातिहरू उत्तरतिरबाटै आएको प्रमाणित हुन्छ ।

'फूच्व:' डाँडामा पनि माताकै रुपमा पूजा गर्छन् । त्यहाँ पनि कपास, ऊन चढाउँछन्, धागो काट्ने र चताम्हारी बनाउन सिक्ने गर्छन् । चिनियाँ भाषामा 'फँ' को अर्थ 'हावा' वा 'बतास' हुन्छ । च्व:को अर्थ नेवारी भाषामा 'शिखर' वा 'चुच्चो' वा 'चुली' हो । 'फूच्व:' को अर्थ यसरी 'हावा लाग्ने डाँडा' हो ।

४) भारतबाट आएका पछिल्ला जाति र आक्रामक जातिहरूले नेपाल उपत्यकामा आसन गरेपछि ठाउँका नामहरू पनि फेर्दै गए । साम्राज्य विजयपछि सांस्कृतिक आक्रमण जुनसुकै देशको इतिहासमा पनि छ ।

यसरी नै 'साँय गाँ' भोटेहरूको गाउँ 'साँगा' बन्यो र 'भोंदे' (भोटेहरूको देश) 'बनेपा' मा फेरियो ।

५) उत्तर भारतमा आर्यहरू र किलाल (किराँत) हरूको अन्तिम लडाइँ आजको नालापानीमा भएको कुरा वेदहरूमा लेखिएको छ । किराँतहरूको पराजयपछि तिनीहरूको केही भाग पूर्वतिर लागेको हुनुपर्छ अथवा केही शताबदी अघि नै उत्तरतिरबाट पूर्वी भारतमा आएका किराँतहरू नै ३,००० वर्ष अगाडि नेपालको उपत्यकामा प्रवेश गरेको हुनुपर्छ ।

ईसा पूर्व ८४० अर्थात् २,८२८ वर्षअगाडि काठमाडौंमा पहिलो किराँत राजा यलम्बर वा येलुङ भए । नेवारी भाषामा काठमाडौंलाई 'यें' भनिन्छ र पाटन वा ललितपुरलाई 'यल' वा 'येलाय्' भनिन्छ । यस अर्थमा काठमाडौं र पाटनको स्थापना किराँत राजाकै नाममा निर्माण गरेको हुनुपर्छ । आज पनि तामाङ भाषामा काठमाडौंलाई 'यम्बू' भन्छ, पाटनलाई 'यल' र भक्तपुर 'ख्वफ' र 'खोपृङ' भन्छ । भक्तपुरलाई नेवारी भाषामा आज पनि 'ख्वप' भनिन्छ ।

पछि भारतबाट आएका शासकहरूले नै काठमाडौं, पाटन र भक्तपुरलाई भारतेली भाषा वा संस्कृत भाषासँग मिल्ने नाम दिएका देखिन्छन् ।

६) किराँतकालमै भारतबाट अनेक जातिहरू आई किराँत राजाहरूसँग लडे र विजय पाएको इतिहासले बताउँछ तर किराँतकालको व्यवस्थित इतिहास नेपाली भाषामा छैन ।

(किराँत कालको इतिहास भक्तपुरको मा. जगतबहादुर अमात्यसँग थियो । त्यसलाई प्रकाशित गर्न नपाउँदै उनको मृत्यु भयो । उनको छोरो भू.पू. डी.एस.पी. आनन्द अमात्यलाई पनि त्यसबारे घचघच्याउँदा मौन छन् ।)

नेपालमा विस्तारै भारतको हिन्दू धर्मावलम्बी र बौद्ध धर्मावलम्बीहरू आएर राज्य गर्न थाले । ५२०

इसापूर्व अर्थात् २५०९ वर्ष अगाडि नेपालमा गौतम बुद्धको आगमन र बुद्धधर्मको प्रचार र प्रभावको अनुमान गर्न गाह्रो छैन ।

२०० इस्वीमा अर्थात् १८ सय वर्षअगाडि नेपालमा भारतबाट लिच्छवीहरू आई शासन गर्न थाले । लिच्छवीकालमै नेपालमा कला र संस्कृतिको नयाँ जग हालेको र विकास गरेको भनिन्छ । झण्डै ८०० वर्ष अगाडि नेपालमा मल्ल राजाहरूले शासन गर्न लागे । मल्लराजाहरूले नेपाल उपत्यकाको समाज व्यवस्था, कला, संस्कृति र अर्थतन्त्रको विकास गरे । मल्ल राजाहरू स्वयम् संस्कृत भाषा र साहित्यका ज्ञाता र अनुरागी थिए, तिनीहरूले नेवारी भाषा र साहित्यलाई पनि स्थान दिए । यसका कारणबारे थप अध्ययनको आवश्यकता छ ।

७) मल्ल राजाहरूको काललाई नेपाल समाजको दासमालिकहरूको 'स्वर्णयुग' भन्न सकिन्छ । ईसाको ६ शताब्दीसम्म उत्तरतिरबाट आई बसेका भोटे जातिहरू बाग्मती अञ्चल र त्यसको छेउछाउका विभिन्न गाउँ-ठाउँ, भीर पाखामा बसोबास गरिआएका थिए । तिनीहरूलाई नै अन्तिम समयमा मल्ल राजाहरूले व्यवस्थित बसोबास गराएको देखिन्छ ।

दासयुगमा मालिकहरूले विजित जातिमाथि आ-आफ्नो आवश्यकता र जातिको विशेषता हेरी काम दिने गरिन्थ्यो । त्यस बन्दोबस्तले श्रमको विभाजन र कार्यदक्षताको विकास हुन्छ । नेपालमा पनि लिच्छवी र मल्ल कालमा यसको अपवाद देखिन्न । काठको काम गर्ने सिकर्मी, ईँट र घरको काम गर्ने अव: (डकर्मी), माटाका भाँडाकुँडा बनाउने कुम्ह:, फलामको काम गर्ने नकर्मी, कपडा रंगाउने छिपा, तोरी पेल्ने (तेल निकाल्ने) समी, तामा वा धातुको काम गर्ने तम: आदि काम अनुसारको जातलाई निश्चित गरे । श्रम विभाजन र जातको पूर्ण बन्दोबस्त जयस्थिति मल्लको पालामा गरेको इतिहासले बताउँछ ।

ती जातिहरूको ठाउँ पनि निश्चित तोकिएको देखिन्छ । कुम्हालेहरू सुजम्हरी र तालाक्व, आवाले (डकर्मीहरू) तुछिमला, छिपाहरू गोल्मढीको पलिखेल, तम: (ताम्रकार) को चासुखेलमा बसोबास छ । यस्तै सिकर्मी भार्वाचो र अन्य जातिहरूले पनि टोलको बन्दोबस्त गरिएको छ । टोललाई नेवारी भाषामा 'त्वा' भनिन्छ र चिनियाँ भाषामा 'त्वा' को अर्थ जिल्ला वा क्षेत्र हुन्छ । पूँजीवादको विकास नहुँदासम्म पेरिसमा मात्रै होइन दासयुगको अवशेष सामन्ती युगको अन्त र पूँजीवादको सुरुसम्म अन्य पुराना युरोपेली नगरहरूमा समेत जातिका आधारमा इलाकाको बन्दोबस्त भएको पाइन्छ ।

८) बर्बर जातिहरू र अन्य आक्रामक जातिहरूको आक्रमणबाट राजधानीलाई बचाउन नगरमा ठूलठूला पर्खालले घेर्ने र बिहान र बेलुका आवतजावतको निम्ति ठाउँ-ठाउँमा ढोकाहरू र पहराको बन्दोबस्त चीन र अन्य प्राचीन नगरमा जहाँ पनि थियो । त्यस्तै भक्तपुरमा अहिले पनि लाय्कू (दरबार स्क्वायर), मंगलतीर्थ १४ वडामा र भार्वाचो (१७ वडा) मा ढोका छँदैछ । तर ठाउँ-ठाउँमा पर्खालको भग्नावशेष देखिए तापनि भक्तपुर विकास परियोजनाले ठाउँ-ठाउँका ढोकाहरूको ढुङ्गे चिन्हलाई राखेर नेपालको इतिहासको उत्खनन्को निम्ति उत्सुकता बढाइदिने काम गरेको छ ।

'ध्वाकां पिने' (ढोका बाहिर) को नेवारी अर्थ आज दिसा गर्ने ठाउँको संकेत दिन्छ । यसको अर्थ पहिले अभिजात वर्गको मात्रै 'न्हया' अर्थात् बहने चर्पीको बन्दोबस्त थियो । अन्य सामान्य जनता नगरबाहिर जाने देखिन्छ । पोडे, कुसले, गाइने आदि 'पानी नचल्ने' जातहरू ढोका बाहिरै राखिएको देखिन्छ । आज पनि तिनीहरूको पुरानो घरहरू नगरबाहिरै देखिन्छन् ।

९) हरेक जात र समूहको कार्यदक्षता त्यस जातिको भौगोलिक परिस्थितिले निर्धारित गरेको हुन्छ । नदीको किनारमा बस्ने जातिका मानिसहरू पौडी खेलने,

ढुंगा बनाउने र खियाउने, नदीको धार, माछा मार्ने, माछाको प्रकार र स्वभावको ज्ञान नदीभन्दा टाढा बस्ने जातिको तुलनामा बढी हुनु स्वभाविक छ । नरम ढुंगाको बाहुल्य हुने ठाउँमा बस्ने जातिहरूमा ढुंगामै सिलौटा, ढिकी, जाँतो, मूर्ति र अन्य ढुंगे सामान बनाउन सिपालु हुनुमा आश्चर्य मान्नु पर्दैन । त्यस्तै नरम काठको जंगल नजिक बस्ने जातिहरूले ठेकी, भाँडो, थाल र अन्य काठको सामान बनाउन जान्नु पनि स्वाभाविक हो । त्यसै आधारमा पनि दासयुगमा श्रमको विभाजन गरेको हुन्छ र जात फेर्दा दक्षता लोप हुने हुँदा काम र जात फेर्न पाइन्नथ्यो ।

१०) भूमिको प्रकार, उचाइ र अक्षांश हेरेर वन-जंगल, वनस्पति र पशुपंक्षी हुर्केको हुन्छ । त्यही वन-जंगलको नजिक बस्ने जातिहरू त्यहाँ पाइने बाघ, भालु, हात्ती, बाँदर, सर्प, मुजुर, सिंह आदि पाल्छन् र तिनीहरूबारे राम्रो ज्ञान हासिल गर्छन् । ती पशुपंक्षीकै दिनचर्याको नक्कल नै सिंह नाच, भालु नाच, मुजुर नाच, बाँदर नाच, पुलुकिसी (पुलुको हात्तीको जात्रा) आदि नाच र ख्याल: (हास्यव्यंग्य) को विकास भएको हुनुपर्छ । त्यही पशुपंक्षी पाइने कविला वा Tribe वन्य जातिको जात वा थर भएको हुनुपर्छ । माकजु, फाँजु, भजु, धोंजु, खिचाजु, छुजु, किसिजु, कोजु आदि जातको विकास भयो ।

मोर्गनले अमेरिकी आदिवासीहरूको अनुसन्धान गरे पनि त्यस्तै पशुपंक्षीको नामबाट मानिस र समूहको नामाकरण भेटेका थिए । चीनमा पनि सिंह र ड्रायगन ( पखेटा भएको अजिंगर) को नाच र चाड छ । भारतको दरभंगामा घोडाको नाच छ भने उडिसामा बाघको नाच छ । समाज विकास भइसकेको भए भारत र नेपाल तराईका सर्प र बाँदरको चटक र प्रदर्शन देखाउने मानिसहरूको जात वा थर नै सपेरा र बाँदर बन्ने थियो ।

११) किराँत कालपछि नेपाल उपत्यकामा आएका भारतेली लिच्छवीदेखि मल्ल कालसम्मका शासकहरूले संस्कृत भाषा, साहित्य, धर्म र संस्कृति पनि ल्याएका थिए । तिनीहरूले उपत्यकामा बसोबास गरी आएका मंगोल र नेवार जातिमा आफ्नो धर्म प्रचार गरे, त्यस अनुसारको मठ-मन्दिर र मूर्तिहरू बनाउन लगाए र नाचगानलाई पनि प्रचार र प्रसार गरे । यसप्रकार नेवारहरूबाट बनाएका रचनात्मक निर्माणका धरोहरहरू नेवार वा मंगोल जातिका मेहनत, श्रम र सीप हुन् भने बुद्धि र चिन्तन आर्यहरूका हुन् । अर्को भाषामा नेवारहरूकै जातकै रगत पसिनामा हिन्दू राजाहरूको मठ, मन्दिर र मूर्तिकला र संस्कृतिको भवन बनेको हो । चित्रकला, मूर्तिकला, काष्ठकला, संगीत, नाच र चाड पर्वमा पनि यही तस्वीर देखिन्छ, नवदुर्गा, भजन, दाफा, नाच टोलीहरूमा पनि यही नियम लागू हुन्छ ।

१२) युरोपको जिप्सी जातिजस्तो एक बर्बर मातृसत्तात्मक र घुमन्तु उत्तरबाट आएको एक जातिलाई नै मल्ल राजाहरूले नवदुर्गाको गणमा परिणत गरेको हुनुपर्छ । जिप्सी जातिको आज पनि कुनै देश छैन । युरोपमा तिनीहरू ३ हजार वर्ष अगाडि भारतबाट पसेका हुन् । रुसी कवि पुश्किनको 'जिप्सी' भन्ने एक खण्डकाव्य नेपाली भाषामा अनुवाद समेत भइसकेको छ । त्यस जातिबारे चोरी गर्ने, आफ्नै जातिमा विवाह, फोहरी, एक ठाउँमा नबस्ने, नाचगान मन पराउने आदि चर्चा गरिन्छ । यसले पश्चिम नेपालको कुसुन्डा र राउते जातिको सम्झना गराउँछ, तर अलि फरक । २-३ वष अगाडि भक्तपुरमा रुसको एक जिप्सी टोलीको सांस्कृतिक कार्यक्रममा स्वागत गर्दा पहिले महिलाहरूलाई सम्मान गर्नुपर्ने कुरा थाहा नपाएर अप्ठेरो परेको थियो । यसले मातृसत्तात्मक अवशेषलाई नै देखाउँछ ।

नवदुर्गाको गणको जातिलाई नेवारी भाषामा 'गाथा' र 'उजजू' भन्ने चलन छ । 'उजजू' को अर्थ 'उदांग्याउनु' वा 'प्रचार' हुन्छ । 'उजजू' को अर्थ प्रचार वा प्रदर्शन गर्ने हुन आउँछ । तिनीहरूका महिलाहरू घर घरमा गई फूल दिई चामल लिने गर्छन् । माथिल्लो

जातिको छोरी दिएर पठाउँदा एकजना 'माली तता' भनी त्यसको जातको एक महिला पनि दुलहीसँगै पठाइन्छन्, पहिले तामदान वा 'दू' तिनीहरूले नै बोक्ने गर्थे । यसले तिनीहरूलाई 'दासदासी' र पछि मात्रै विकास भएको जातको रुपमा लिन सकिन्छ । त्यसरी नाच्ने र डुल्ने मातृसत्ताको जातलाई मल्ल राजाहरूले नवदुर्गाको रुप दिई हिन्दू संस्कृतिमा परिष्कार गरे । वर्षको एकजना नरबलि दिने, खप्परमै जाँड खाने, मान्छेका खप्परकै आकारको माला लगाउने, नवदुर्गाको गण जाँदा बाटोमा सुंगुर देखे घेरेर मार्ने, रगत पिउने र 'पोस कायुगु' भनी पालैपालो सबैले आलो रगत खाने, नाचगानमा माछा मार्ने आदि विधिले तिनीहरू पछि मल्ल राजाहरूबाटै नयाँ रुप दिइएका जातिहरू हुन् भन्न गाह्रो छैन ।

भक्तपुरको कला-संस्कृति वा नाचगानबारे ध्यान दिंदा तलका कुराहरूमा समेत ध्यान दिनु आवश्यक हुन्छ -

१) भारतबाट आएका सबैजसो शासकहरूले संस्कृत भाषा, साहित्य र धर्मसमेत लिएर आएको हुँदा तिनीहरूले जग हालेको सबैजसो नाचगानमा भारतीय नाट्यशास्त्र, संगीत र नृत्यको प्रभाव भएकै हुन्छ ।

२) दाफा र भजनका गीतहरूमा हिन्दू देवीदेवताहरू र शासकहरूको गुणगान गराउने बन्दोबस्त गराएका हुन् ।

३) जयस्थिति मल्लले जातको नयाँ बन्दोबस्त गर्दा मैथल ब्राम्हणहरूका सल्लाह लिएका थिए र मल्ल राजाहरूको वैवाहिक सम्बन्ध भारतको तिरहुतसँग थियो अथवा तिनीहरूको सम्बन्ध वैशाली राज्यसँग थियो ।

४) हरेक महिना र दिनअनुसारको फरक फरक राग-अलाप र नाचगानको शास्त्रीय बन्दोबस्त अशिक्षित र तल्लो वर्गले गर्न सकिने कुरा होइन । त्यसमा माथिल्लो स्तरको नृत्य-काव्य, संगीत र साहित्यका ज्ञाताहरूकै काम हुनुपर्छ ।

५) नेवारी भाषाको लिपि र गतिमा मैथली लिपि र संगीतको अलग्याउनै नसक्ने प्रभाव देखिन्छ । भारतमा पछि मुसलमानहरू र बेलायती साम्राज्यवादको आक्रमण र प्रभावले भारतको प्राचीन कला र संस्कृतिको प्रगतिमा अवरुद्ध भयो । नेपाल त्यसैबेला कला र संस्कृतिको प्रगतिको चुलीमा थियो । धेरै भारतीय पण्डित र ज्ञाताहरूले नेपालको शरण लिए र कला-संस्कृतिलाई सुरक्षित राखे । यसैकारण पछि नेपाललाई 'प्राचीन भारतको संग्रहालय' भन्न पुगेको होला । नेपालमा आधुनिक यातायात सुविधाको विकास नहुनु, मेशिन युग र शुभलाभको पूँजीवादको प्रवेश नहुनु, पुरानै अर्थतन्त्रमा समाज रहिरहनाले मात्रै भक्तपुरमा पुराना कला र संस्कृतिको अवशेष बाँकी रहन सकेको थियो, त्यो आज ऱ्हासको प्रक्रियामा छ ।

६) चीन तिब्बत, भुटान, सिक्किम र लद्दाखमा पनि मुकुण्डो नाच छ, मुखाकृतिको सुक्ष्म भाव र अभिनयको विकास नभएको बेलामा विकास भएको नृत्य नै मुकुण्डो नाच हुन्छ । भाषा अभिव्यक्ति संगीत र साहित्यको विकासले नृत्यमा मुखाकृतिको सुक्ष्मत्तम भावको समेत अभिनय गर्नुपर्दा मुकुण्डो झ्याउ बन्यो र नाटकको विकास भयो । यस अर्थमा पशुपंक्षीको नाच र मुकुण्डो नाच-नृत्य र संगीतको प्रारम्भिक रुप मात्रै हो । सिंह नाच र ढोकाको दुवैतिर सिंहको मूर्ति राख्ने चलन प्राचीन चीनमा प्रशस्त छ । यसकारण नेपालमा मुकुण्डो नाच, सिह प्याखँः जस्ता नाचहरूलाई मल्ल राजाहरूले हिन्दूत्व प्रदान गरेको हुनुपर्छ ।

७) गद्य साहित्यको विकास हुनुभन्दा अगाडि पहिले पद्य वा काव्य साहित्यको विकास भएको थियो । त्यसैको छाप भजन र प्रशस्तिहरू पनि वेद र पुराणहरूकै आधारमा बनेका हुन् । आजको गीतिनाटक त्यसकै क्रम हो ।

*साभार - सय वर्षपछिको भक्तपुर*

# समाजप्रतिको सेवा धर्म

**आचार्य सत्यनारायण गोयन्का**

समाज भनेको व्यक्ति व्यक्तिको समूह हो । समाजको सुधार अथवा समाजको समस्याको समाधान गर्नु भनेको व्यक्ति व्यक्तिको समस्याको समाधान गर्नु हो । यदि संसारको सुख-शान्ति चाहने हो भने हामीले पहिलो व्यक्ति-व्यक्तिको सुख शान्तिको कुरा गर्नुपर्छ । अत: भगबान बुद्धले समाजको कल्याणको लागि व्यक्ति-व्यक्तिलाई धर्म प्रदान गर्नुभयो । सम्पूर्ण वर्ण, सम्पूर्ण जातिका व्यक्तिहरूलाई विशुद्ध धर्म सिकाउनुभयो र असंख्यले यसबाट लाभ प्राप्त गरे । त्यस समयको समाजमा विद्यमान मिथ्या मान्यताको घनघोर अन्धकार हटाउने प्रयत्न उहाँले गर्नुभयो । जब कोही व्यक्तिमा अन्ध श्रद्धा व्याप्त हुन्छ तब उसलाई त्यहाँबाट उम्किन निक्कै कठिन हुन्छ । जब कसैलाई कुनै धर्म ग्रन्थ प्रति अन्धश्रद्धा उत्पन्न हुन्छ तब त्यसमा वर्णित अत्यन्त अनीतिपूर्ण मान्यताको विरोध गर्न पनि साधारण मानिसहरूका लागि कठिन हुनजान्छ । यस्ता गलत मान्यताहरू पछि अन्धमान्यता बन्नजान्छ । समाजमा जबजब अविधाको अन्धकार फैलिँदै जान्छ तब तब यस्ता अन्धमान्यताहरू मानिसहरूको मनमा गहिरिँदै जान्छ । मानिसहरू ठीक बेठीक छुट्याउन सक्दैनन् ।

जब कोही व्यक्तिमा प्रज्ञाको ज्योति प्रस्फुटन हुन्छ तब सत्यलाई राम्ररी बुझ्दछ । उसको धर्म पुष्ट हुँदैजान्छ । शील, समाधि पुष्ट हुँदै जान्छ र प्रज्ञामयी करुणा जाग्दछ । तब नै ती ठग्ने व्यक्तिहरू र ठगिने व्यक्तिहरूको समान रुपले उपकार गर्दै शुद्ध धर्म बाँढ्दछ । मानिसहरूलाई अन्धविश्वासको अँध्यारोबाट बाहिर निकाल्दछ । भगवानको समयको समाजका प्रतिष्ठित व्यक्तिहरू र विद्वान वर्ग भनेको ब्राह्मण वर्ग नै थिए । यी उच्च वर्ग भनेकाले बाँकी वर्गलाई अत्यन्त न्यून ठान्थे । यसै मान्यतालाई उखेल्नका लागि भगवानले ठूलो प्रयत्न गर्नुभयो । शील र प्रज्ञाविना कोही पनि व्यक्ति ब्राह्मण हुनसक्दैन भन्ने कुरा बुझाउनुभयो र सबैलाई शील, समाधि र प्रज्ञामा स्थापित गर्नुभयो । भगवान ब्राह्मणहरूका दूषण हटाउनका लागि उनीहरूको मिथ्या मान्यताहरूको खण्डन गर्नुहुन्थ्यो । तै पनि समूहका समूह प्रसिद्ध ज्ञानी ब्राह्मणहरू अत्यन्त श्रद्धापूर्वक उहाँसँग धर्मसम्वन्धी प्रश्न सोध्नका लागि आउँदथे । उनीहरू भगवानसँग विवाद गर्नका लागि आएका होइनन् । भगवानको विमुक्त अवस्थाको बारेमा कतै शङ्का थिएन । भगवानको वाणीप्रति पूर्णविश्वास थियो । अत: आफ्नो शङ्का समाधान गर्नका लागि आउँदथे, मुक्तिका लागि मार्ग निर्देशन प्राप्त गर्न आउँदथे ।

भगवानको मनमा ब्राह्मणहरूको प्रति अलिकति पनि द्वेष र दुर्भावना थिएन । उहाँ विद्याचरण सम्पन्न हुनुहुन्थ्यो । अत: आफ्नो प्रज्ञाजन्य विद्याद्वारा उनीहरूको वर्तमान दयनीय अवस्थालाई राम्ररी जानुहुन्थ्यो र आचरण जन्य करुणाद्वारा तिनीहरूलाई यस दयनीय अवस्थाबाट निकाल्नका लागि हरसम्भव प्रयत्न गर्नुहुन्थ्यो । उनीहरूलाई मङ्गल उपदेश दिनुहुन्थ्यो जाति र वर्णसँग सम्बन्धित उनीहरूको गलत विचारलाई तोड्नुहुन्थ्यो । जाति, वर्ण, गोत्र, कुललाई धर्मसँग जोडेर अज्ञानी मानिसहरूले आफ्नो हानी मात्र होइन की समाजका

एउटा ठूलो भागलाई नै अत्याचारको शिकार बनायो । जाति, वर्णको भेदभाव र छुवाछुतको रोग समाजको लागि महारोग झैं बनेको थियो । सारा देशको लागि कलङ्क झैं बनेको थियो । यस बहुसंख्यक वर्णको मेधा, ज्ञान, प्रतिभा कार्य कुशलतालाई सुनियोजित ढङ्गले कुण्ठित बनायो । उनीहरूलाई आफ्नो विकास गर्ने मौका कहिले पनि दिइएन । उनीहरूलाई पिंढी दर पिंढी तल्लो स्तरको हुनका लागि मजबुर बनायो ।

उहाँ विधाचरण सम्पन्न, महान कारुणिक, शल्यकर्ताले आफ्नो मैत्री चित्तले यस वैयक्तिक र सामाजिक सडेको - गलेको खटीरामा मलम पत्ति लगाउनुभयो । मानिसको विमुक्तिको लागि बाधाको रुपमा रहेको यस विषालु मान्यता र सारा समाजका लागि घोर पीडा र अशान्तिको कारण बनेको यस दूषित व्यवस्थालाई बदल्न उहाँले अथक परिश्रम गर्नुभयो । यस पुनित कार्यमा हजारौंको संख्यामा ब्राहमणहरूले महत्त्वपूर्ण योगदान दिए । सुरुआतमा केही कठिनाइहरू थिए तर पनि उहाँ यस माङ्गलिक अभियानमा दृढतापूर्वक लागिरहे । विस्तारै मानिसहरूले बुझ्दै गए कि उहाँ कुनै एक वर्गको पक्षमा मात्र भलो चाहेर र अर्कोको विरोधी भएर यो काम गरिरहेको होइन । उहाँले त केवल दूषितताको विरोध गरिरहनुभएको थियो ।

उहाँ सर्वज्ञ हुनुहुन्थ्यो, सम्यक सम्बुद्ध हुनुहुन्थ्यो । त्यसैले आफ्नो प्रबुद्ध ज्ञानले राम्ररी जान्नुहुन्थ्यो कि कोही व्यक्ति उच्चवर्गको हुनुमा जतिसुकै घमण्ड गरे पनि आफूलाई हजारौं गुणा स्वच्छ र शुद्ध माने पनि यदि चित्त अशुद्ध छ भने सदैव अशुद्ध नै हुन्छ चित्त शुद्ध नगरिकन दुःखबाट विमुक्त हुनसक्दैन । उसको वास्तविक शुद्धि उसको चित्त-विशुद्धिमा नै हुन्छ । यही कुरालाई जब उहाँले करुणामय वाणीमा मानिसहरूलाई बुझाउनुहुन्थ्यो तब विरोधीहरूको स्वर स्वतः सानो भएर जान्थ्यो । उहाँले अरुलाई नीच देखाएर आफू उच्च हुने चेष्टा गरेको उदाहरणहरू कहीं पनि भेट्टिएका छैनन् । उहाँ अध्यात्मको क्षेत्रमा तल झरेकालाई बडो प्यारपूर्वक हातले सहारा दिएर माथि उठाउने चेष्टा गर्नुहुन्थ्यो । उहाँलाई पहिलाका जमानाका ब्राह्मणहरूका नैतिकता आध्यात्मिक महानताको बारेमा खूब ज्ञान थियो । उनीहरूको तल खस्किंदै गरेको वर्तमान स्थितिको बारेमा पनि पूरा ज्ञान थियो । अतः समय समयमा यी दुवै तथ्यहरूलाई उजागर गर्दै तिनीहरूलाई होश दिलाउने सत्प्रयत्न गरिरहनुभयो ।

आदर्श पुरातन ब्राह्मणहरू कस्ता हुन्छन् भन्नेबारे त्रिपिटकमा केही प्रसङ्ग उल्लेख भएका छन् । एक समय भगवान श्रावस्तीमा विहार गरिरहनुभएको थियो । त्यस समय धेरै कोशल वासी युवक तथा वृद्ध धनी ब्राह्मणहरू भगवानसँग भेट्न आए र सञ्चो विसञ्चोको कुराकानी पछि एकातिर बसे । उनीहरूले भगवानलाई सोधे कि आजकल पनि पुरातन ब्राह्मण धर्मका अनुसार जीवनयापन गर्ने ब्राह्मणहरू पाइन्छन् । भगवानले उत्तरमा भन्नुभयो - आजकल त्यस्ता ब्राह्मणहरू पाउँदैनन् । उनीहरूले त्यस ब्राह्मणहरूको चर्याका विषयमा भगवानसँग जान्ने इच्छा गरे । भगवानले त्यसलाई स्वीकार गर्नुहुँदै बताउनुभयो -

पहिलाका ब्राह्मण ऋषि आत्मसंयमी र तपस्वी हुन्थे । तिनीहरू पाँच प्रकारका इन्द्रीय सुखलाई त्यागेर आत्म कल्याणको काममा लागिरहन्थे । ती ब्राह्मणहरूसँग न पशु हुन्थे, न सुन र पैसा नै हुन्थे । स्वध्यायन अर्थात् स्वरुपको अध्ययन गर्नु नै उनीहरूको धन थियो र उनीहरू यस ब्रम्हनिधिलाई पालन गर्दै यसको सुरक्षा गर्दथे ।

मानिसहरू श्रद्धापूर्वक उनीहरूलाई भोजन बनाएर ढोकामा राखिराख्दथे । कसैले माग्यो भने योग्य व्यक्ति सम्झेर उसलाई दान दिन्थ्यो । समृद्ध जनपद र राष्ट्रहरूका मानिसहरू विभिन्न प्रकारको रङ्गीचङ्गी लुगा, ओछ्यान बिछ्यौना र निवास स्थानहरू दान दिएर उनीहरूलाई पूजा गर्दथे । ब्राह्मण अबध्य थिए, अजेय थिए, धर्मरक्षित

थिए । सबै परिवारका घरका ढोका उनीहरूका लागि खुला हुन्थे । त्यस समयका ब्राह्मण अठ्चालीस वर्षसम्म वाल-ब्रहमचारी हुन्थे । विद्या आचरण ग्रहण गर्नका लागि लागिपर्थे । गृहस्थ जीवनमा पनि ती ब्राह्मण न कुनै अन्य स्त्री कहाँ जान्थे न आफ्नो लागि किनेर पत्नी ल्याउँथे ।

उनीहरू ब्रह्मचार्य, शील, सरलता, नम्रता, तप, सौजन्य, अहिंसा तथा क्षमाका प्रशंसक थिए । उनीहरूमध्ये जो ब्रह्मा भनिन्थे, उनीहरू गृहस्थ जीवनमा प्रवेश गर्दैनथे र अखण्ड ब्रहमचर्यको जीवन जिउँदथे । उनीहरूको आचरणको अनुसरण गर्ने अन्य अनेक विज्ञ मानिसहरू ब्रह्मचर्य, शील र क्षमाका प्रबल प्रशंसक थिए । उनीहरू धार्मिक तरिकाले चामल, दाउरा, घ्यू, तेल मागी ल्याउँदथे र यज्ञ गर्दथे ।

भगवानले गाईप्रति आफ्नो माया देखाउँदै भन्नुभयो - आमा, बुबा, भाइ तथा अन्य साथी झैं गाई पनि हाम्रो परम मित्र हो । गाईबाट बाछी गोरु पाउँछ, गोरुले हलो जोतेर मद्दत गर्छ भने गोबरबाट वनस्पति पाउँछ र त्यसबाट औषधि पाउँछ । यस्तो अन्न, बल, वर्ण तथा सुख दिन्छ । त्यसैले उनीहरू गाईलाई मार्दैनथे ।

भगवानले भन्नुभयो - सुकुमार, महाकाय, वर्णवन्त यशस्वी ब्राह्मणहरू आफ्नो धर्मका साथ जबसम्म आफ्नो कर्तव्यमा बाँधिएका थिए तबसम्म प्रजा सुखी थिए । परन्तु दुर्भाग्यले यो अवस्था बिग्रियो । ब्राह्मणहरू तपस्या र त्यागको प्राचीन नैतिक जीवनबाट पतित भयो । विस्तारै-विस्तारै राजाको विशाल सम्पत्ति उसका अलंकृत स्त्रीहरू, राम्रा-राम्रा घोडा, जुत्ता, सुन्दर बुट्टा कुँडिएका रथहरू र धेरै कोठाहरू भएको कोठी र दरबारका भवनहरू प्रति उनीहरूको मन लालायित भयो । उनीहरूलाई आफ्नो त्याग तथा तपस्याको सादा जीवनदेखि अल्छी लाग्न थाल्यो उनीहरूको मनमा कामनाका ज्वर उठ्न थाल्यो ।

यस्तै प्रकारले पुरानो समयका त्यागी सात्विक ब्राह्मणहरूको पतन आरम्भ भयो । उनीहरूले ठग विद्याद्वारा राजालाई आफ्नो वशमा पारे । तब धनसम्पत्तिले सम्पन्न राजाहरूलाई यज्ञ गर्न उक्साए र शक्ति पाउने प्रलोभनमा ब्राह्मणहरूको कुरा सुनेर अश्वमेघ, नरमेघ, सम्मापास, वाजपेय र निरर्गल नामका यज्ञ गरे र पुरोहित ब्राह्मणहरूलाई दान दक्षिणा दिए । गाई, खाता, लुगा, गहनाले ढाकिएकी स्त्री, उत्तम जातका घोडा, राम्रा-राम्रा जुत्ता, सजिएका बुट्टेदार रथ र धन-धान्यले पूर्ण ठूल्ठूला भवन ती ब्राह्मणहरूलाई दक्षिणा स्वरुप प्रदान गरे ।

यस वर्णनबाट स्पष्ट हुन्छ कि पहिलाका ब्राह्मण यस प्रकारका सुख भोगका सामाग्रीहरू दानमा लिदैनथे । त्यागी जीवनका लागि जति आवश्यक थियो त्यति नै दक्षिणा स्वीकार गर्दथे । हामी यो पनि अनुमान गर्न सक्छौं कि राजालाई राज्यका वैभव बढाउने र युद्धमा जित्ने आशामा बधिर यसप्रकारका हिंसामय यज्ञको थालनी गरे । त्यसको बदलामा आफूलाई विलासमय, वैभवमय जीवन जिउने मार्ग खोल्यो । यसप्रकार त्यागी, तपस्वी ब्राह्मणहरूको अधो पतन हुनगयो । नयाँ-नयाँ मन्त्रको सिर्जना गरी नयाँ नयाँ हिंसात्मक यज्ञ रच्न थाले र यज्ञमा निरीह पशुहरूको होम गर्न थाले । यज्ञ स्थल पशुहरूको वध गर्ने वधशालामा परिणत हुन गयो र सदाचारको जीवन जिउने तपस्वी ब्राहमणहरूको जीवन एकजना कसाईको झैं गर्हित जीवन हुनथाल्यो । यज्ञ शालामा गाईको हत्या गर्न थाले पछि त उनीहरूको अवस्था त्यो भन्दा पनि भयङ्कर हुनथाल्यो । उनीहरूको साथसाथै यस्तो यज्ञ गराउने र त्यसको सहयोग दिने समाजको पनि अधो पतन हुनगयो, जसको कारण उनीहरूले असीम दुःख भोग्नुपऱ्यो ।

धर्मको नाममा पशुको हत्या गर्न थालियो । यही अनर्थ भयो, अधर्म भयो । धर्मको नाममा जबदेखि

गाईको हत्या गर्न थालियो तब त झन् घोर अनर्थ भयो, घोर अधर्म भयो । धर्मको नाममा प्रचलित यस अधर्मलाई, यो अनर्थलाई रोक्नु नै भगवान बुद्धलाई अभीष्ट भयो । जुन दोषमा समाजका सारा मानिसहरू निमग्न थिए तिनीहरूलाई यस दोषबाट मुक्त गर्नसकून् । जसको कारण ब्राह्मण समाजको अधोपतन हुन गएको थियो, त्यसबाट उनीहरूलाई निकाल्न सकून् । जब-जब यस्तो अवसर प्राप्त हुन्थ्यो, भगवानले यस दूषित प्रथालाई हटाउने भरसक प्रयास गर्नुभयो ।

भगवानले जब सम्यक सम्बोधी प्राप्त गर्नुभयो तब उहाँलाई पूर्वजन्म स्मरणको विद्या प्राप्त भयो । यस विद्याद्वारा आफ्नो अनगिन्ती पूर्वजन्मका घटनाहरूलाई चलचित्रझैं देख्न सक्दथे । पूर्व समयका ब्राह्मणहरू कस्ता हुन्थे भन्ने कुरा पनि उहाँले यसै विद्याद्वारा थाहा पाउनुभएको थियो । पूर्वकालमा अहिंसामय यज्ञ कसरी हुन्थ्यो भन्ने कुरा पनि यसै विद्याद्वारा थाहा पाउनुभएको थियो ।

एक समय कूटदन्त ब्राह्मण एउटा ठूलो यज्ञ गर्ने तयारीमा लागेका थिए । यज्ञका लागि सयौं गाई, बाखा, भेंडा, कुखुरा आदि थुनिएका थिए । भगवानको आगमनको कुरा सुनेर कूटदन्त ब्राह्मण भगवानलाई भेट्न आए । उनले भगवानसँग पूर्वकालको सोन्ह परिष्कारले सम्पन्न यज्ञको बारेमा सोधे ।

भगवानले पुरातन कालका महाप्रतापी महाराज महाविजित तथा उनका पण्डित, ब्राह्मण पुरोहितको वार्ताको उदाहरण दिएर प्राचीन भारतमा प्रचलित सोन्ह परिष्कार सहितको त्रिविध यज्ञ-सम्पदाको बारेमा बुझाउनुभयो ।

पहिला यदि राजा कुनै बृहत यज्ञको आयोजना गर्न चाहे भने राजपुरोहितले रोक्दथ्यो । यदि राज्यमा कतै अराजकता, लूटपाट आदि भएमा जनताले असुरक्षित महसुस गर्दथ्यो र यस्तो समय यज्ञ गर्न अनुकूल अवसर मानिंदैनथ्यो अत: राजालाई यज्ञ गर्न अनुमति दिंदैनथ्यो । पहिला लूटपाट बन्द गर्नपर्थ्यो त्यो पनि केवल दण्डद्वारा होइन किनभने यसबाट फेरि अराजकता उठ्न सक्थ्यो । अत: त्यसको सम्पूर्णतया उन्मूलन हुनुपर्दथ्यो । यसको लागि व्यवहारिक पाइला उठाउनुपर्दथ्यो । ब्राह्मण पुरोहितले राजा महाविजितलाई सल्लाह दिएकी ती प्रजाहरूलाई यदि कृषि व्यवसाय गर्ने रुचि छ भने बीऊ दिएर जबसम्म बाली फल्दैन तबसम्म उनीहरूको खान-पीनको व्यवस्था गर्नुपर्छ । यदि उनीहरूलाई व्यापार गर्ने इच्छा छ भने पर्याप्त मात्रामा पूँजी प्रदान गर्नुपर्छ यदि कसैलाई नोकरी गर्ने इच्छा छ भने सरकारी नोकरी दिलाउनुपर्छ । यसप्रकार यदि जनता काममा व्यस्त हुन थाल्यो भने यस्तो नराम्रो काम गर्दैन । उनीहरूको आय बढ्यो भने राज्यको आय पनि बढ्छ र देश पीडा रहित र शान्तिपूर्ण हुन्छ । जब जनता हर्षित हुँदै आफ्ना बालबच्चालाई काखमा खेलाउँदै नाच्दै घरको ढोका खुला राखेर डुल्न थाल्छन् तब देशमा सुरक्षा हुन्छ, निर्भयता फैलिन्छ यही नै महायज्ञ गर्ने उपयुक्त समय हुन्छ । यज्ञ गर्ने राजा र पुरोहित परिशुद्ध भएमा मात्र यज्ञको शुद्धि हुने कुरा पनि उहाँले स्पष्ट पार्नुभयो । भगवानले अगाडि सम्झाउँदै भन्नुभयो यज्ञ केवल पितृ र देवताहरूलाई प्रसन्न पार्नका लागि मात्र गरिंदैन, राजाद्वारा ब्राह्मणहरू र अन्य प्रार्थना गर्नेहरूलाई भरपुर दान दिनको लागि पनि गरिन्छ । त्यसैले यज्ञको परिशुद्धि हुनका लागि यति धेरै खर्च गरेको कारण दान दिएपछि दाताको मनमा अलिकति पनि सङ्कुचित भाव आउनु हुँदैन प्रसन्नचित नै हुनुपर्छ । त्यस्तै यज्ञमा अनेक व्यक्तिहरू सामेल हुन्छन् कोही शील-सदाचारले परिपूर्ण भएका होलान् त कोही अपरिपूर्ण भएका होलान् । तर राजा अथवा दाताको मनमा ती शीलविहीनहरूका प्रति अलिकति पनि द्वेष उत्पन्न हुनुहुँदैन । जो सदाचारी छन् उनीहरूका प्रति प्रसन्न हुनुपर्छ र जो सदाचारी छैनन् उनीहरूका प्रति उपेक्षा-भाव राख्नुपर्छ । त्यस समयका यज्ञहरूमा गाई, भैंसी, कुखुरा आदि

मारिदैनथ्यो । घ्यु, तेल, मखन, दही, मह आदिबाट पूर्णाहुति दिने गर्दथ्यो । नोकर-चाकर दास-दासीहरूलाई ज्याला दिएर अथवा उनीहरूका स्वच्छाले काम गराइन्थ्यो । पुरातन समयको यज्ञ यस्तो परिशुद्ध हुन्थ्यो ।

भगवानले अगाडि बुझाउँदै भन्नुभयो - यो भन्दा पनि उत्तम यज्ञ अर्को छ भन्दै व्याख्या गर्नुभयो शीलवान गृहत्यागीहरूलाई नित्य दान दिनु, त्रिरणको यज्ञ, शिक्षापद यज्ञ, शील यज्ञ, समाधि यज्ञ, प्रज्ञा यज्ञ । यी भन्दा सर्वोत्तम यज्ञ अन्य कुनै हुन सक्दैन भगवानको कुरा सुनेपछि कुटदन्तले यज्ञ गर्नका लागि बाँधेर राखेका पशुहरूलाई छाडिदिए । यस प्रकार विद्याचरण सम्पन्न भगवानको सम्पर्कमा आएर कूटदन्त ब्राह्मण अनार्य धर्मबाट दूषित हुनबाट बचे ।

भगवान करुणाको सागर हुनुहुन्थ्यो । उहाँको करुणा ती निरीह, निरअपराधी, मूक, असहाय पशुहरूप्रति ह्योनै साथ-साथै ती अज्ञानी व्यक्तिहरूप्रति पनि उर्लेर आयो । जो धर्मको नाममा कति ठूलो अधर्मको काम गरिरहेका थिए । पूण्यको नाममा कति ठूलो पाप गरिरहेका थिए । अर्थको भ्रममा कति अनर्थ सङ्ग्रह गरिरहेका थिए । यी दुष्कर्मका कारण कति धेरै दुष्फल भोग्न लागेका थिए । यसै करुणा भावपूर्ण हृदयले ती हिंसक यज्ञको भरपूर विरोध गर्नुभयो । उहाँ सबै खालको यज्ञका विरोधी पनि थिएनन् । उहाँ अश्वमेध, नरमेध, सम्मापास, बाजपेय तथा निरर्गल आदि गाई, भैंसी, भेंडा, बाखाजस्ता प्राणीहरूको हत्या गर्ने यज्ञको विरोध गर्नुहुन्थ्यो । तर जुन यज्ञमा प्राणीहरूको हत्या गरिदैन, जुन यज्ञमा नित्य दानको कार्यक्रम हुन्छ यस्ता अहिंसक यज्ञको प्रशंसा गर्नुहुन्थ्यो । अहिंसक यज्ञमा दान-प्रदान गरिन्थ्यो । दान दिनु चित्तको अलंकार हो । यस्तो चित्त जसले शील, समाधि र प्रज्ञाको जीवन जिउँदछ, उसैको मात्र हुन्छ । यही त्यस्तो यज्ञ हो, जसको आगोमा सम्पूर्ण पुरानो कर्म संस्कार जलेर खरानी हुन्छ र साधक नितान्त भवमुक्त अवस्था प्राप्त गर्दछ ।

यसरी भगवानले धर्मको नाममा मिथ्या मान्यतामा अल्झिएका ब्राह्मणहरूलाई शील, समाधि र प्रज्ञामा स्थापित गर्नुहुँदै समाजको सेवामा लाग्नुभयो । पाँचसय शिष्यका अधिपतिउरुवेल काश्यप यस्तै मिथ्या मान्यतामा अल्झिएका थिए । उनले भगवानको वाणीलाई बुझेपछि सम्पूर्ण शिष्यसहित प्रव्रजित भए । यस्तो अग्नि परिचर्यामा संलग्न रहेका अधिकांश व्यक्तिहरूको एकमात्र लक्ष्य मृत्यु पश्चात् कामभोग मय देवलोकमा जन्म लिनु थियो । यी लोक अमर हुने विश्वास थियो । यी कर्मकाण्डको यसै लोकमा हुनसक्ने लाभ त केही थिएनन्, परलोकमा हुने लाभको आशामा सारा जीवन बिताउँदथ्यो । शील, समाधि र प्रज्ञाको धर्ममा सांदृष्टिक लाभ हुन्थ्यो । अहिले यसै जीवनमा फल प्राप्त हुन्छ । यहीं अहिले नै चित्तको शुद्धि हुन थाल्छ । यस धर्म यज्ञद्वारा असङ्ख्य मानिसहरू मुक्तिको मार्गमा आरुढ भए । अनेकौंले यसै जीवनमा मुक्त अवस्थाको साक्षात्कार गरे । कोही व्यक्ति श्रमणद्वारा शुद्ध, बुद्ध मुक्त तथागत भयो भने त्यो लाभ उसले केवल आफूसम्म मात्र सीमित राख्न सक्दैन । बडो करुण चित्तले उसले बाँड्दछ । जुन मार्गद्वारा आफूलाई मुक्त विद्याचरणसम्पन्न गरेको थियो, त्यो मार्ग आख्यात गर्दछ । त्यस मार्गमा अघि बढेर अनेक मानिसहरूले यसै जीवनमा आफ्नो कल्याण गर्दछ, मुक्ति प्राप्त गर्दछ ।

त्यससमयको समाजमा अर्को एउटा अन्धमान्यता प्रचलित थियो । धर्मको नाममा प्रचलित यो अन्धमान्यताले मानिसहरूलाई अधर्मतिर धकेलिएको थियो । यस्तो मान्यताको आधारमा केही स्वार्थी मानिसहरूले अरुलाई ठग्ने एउटा ठूलो माध्यम बनाएका थिए । धर्मको नाममा घोर पाखण्ड, छल-कपट, अन्धविश्वास, थोत्रो कर्मकाण्ड निरर्थक बाहिरी आडम्बर र शरीरलाई यातना दिने प्रचलन थियो । यसै लक्ष्यलाई पूर्ति गर्नका लागि महाकरुणिक भगवान निरन्तर लोक मंगलको काममा लागिरहनुभयो ।

जो शील सदाचारको जीवन जिउँदछ, उही श्रेष्ठ हुन्छ । जो दुष्शील, दुराचारको जीवन जिउँदछ, उही हीन हुन्छ । चाहे ऊ यस कुलका होउन् अथवा त्यस कुलका, चाहे यस वर्णका होउन् अथवा त्यस वर्णका होउन् । चाहे धनवान् होस् अथवा धनहीन । वास्तवमा मानिसहरूमा धर्म नै श्रेष्ठ हुन्छ । धर्म मार्गमा अघि बढेर मुक्त अवस्थासम्म पुग्ने प्रयत्न गरिहेका मानिसहरूलाई भगवान सधैं सराहना गर्नुहुन्थ्यो । परन्तु अधर्मको मार्गमा सधैं अघि बढेर अरुलाई ठग्ने र आफूले आफैलाई ठग्ने मानिसहरूलाई सही मार्गमा ल्याउनका लागि उहाँ सधैं प्रयत्नशील रहनुहुन्थ्यो । उनीहरूलाई दोष देखाउनुहुन्थ्यो । यस्ता मानिसहरू चाहे ब्राह्मण होउन् अथवा श्रमण अथवा अन्य परिब्राजक अथवा आजीविका गर्नेहरू होउन् अथवा आफूसँग नै प्रवज्या मागेर भिक्षु बनेकाहरू होउन् । गुणी व्यक्तिको गुणको प्रशंसा त्यसैले गरिन्थ्यो ता कि उसलाई यस्तो सत्मार्गमा लागिरहने प्रोत्साहन प्राप्त होस् र अन्यलाई सत्मार्गमा आउनका लागि प्रेरणा प्राप्त होस् । यस्तै दोषपूर्ण व्यक्तिहरूको दोष देखाउनु हुन्थ्यो किनकि उनीहरूलाई दोषबाट मुक्त हुने प्रेरणा प्राप्त होस्, उनीहरूलाई देखेर अरुले पनि दोषबाट मुक्त हुने प्रेरणा प्राप्त गरुन् । समाजको एउटा ठूलो अंश यस बाहिरी आडम्बर, थोत्रा कर्मकाण्डमा डुबेका थिए । उनीहरूलाई निकाल्नु नै भगवानको आशय थियो ।

*(साभार - विपश्यना, वर्ष २६ अंक ११)*

# बुद्धं झीत धया विज्यात - ३

**• चन्द्रबहादुर उलक**

बुद्धं झीत धया विज्यात-
अल्छी न्हयोगुलु जुये मजिल,
जीवन थ:गु मोज-मस्तिंजक
हनेगु विचा छिं याये मजिल ।१।

झीगु विचा ख: सर्वहित स्वयेगु,
थ:जक भिनेगु स्वय् मजिल,
दु:खया गालय् कुतुँवना च्वंपि,
सकल जनता भिंके माल ।२।

निंन्दा-चर्चा सुयागुं मयाये
मसीकं गुवलें छुं मधाये
सुनानं सुइतं मभिं या:सा
म्हुतुइ गवलें धौ मफिये ।३।

थ:त म्हसिकी दकले न्हापां,
अलेतिनी म्हसिकी मेपिंत,
थ:गु नुगलय् खिति पाँय् दयका
गये धाय् छिं फोहरी मेपिन्त ।४।

**दान दिनु नै धार्मिक बन्नु होइन । करकाप वा देखावाको लागि दान दिंदा मनमा क्लेश भावना हुन्छ र क्लेशयुक्त दानबाट मनमा सुख, शान्ति र सन्तोष पाउन सकिन्न । मैत्री र करुणायुक्त मनले दिएको दान जतिसुकै कम भए पनि त्यो सद्धर्म दान हुन जान्छ र त्यसबाट मनमा आनन्द प्रस्फूरण हुन्छ । शुद्ध मनले दान दिनु भनेको एउटा रुख रोप्नु जस्तै हो जसले पछि गर्मीको याममा शीतल छायाँ दिन्छ र खानाको लागि रसिलो फल पनि दिन्छ । करुणायुक्त दानले हामीलाई सम्पूर्णतातिर अग्रसर गराउँछ ।**

***गौतम बुद्ध***



# आचार्य अश्वघोष

रत्नसुन्दर शाक्य

बुद्ध-शासनको इतिहासमा आफ्नो बहुमुखी प्रतिभाबाट आफ्नो कीर्ति सदियौंसम्म कायम राख्नमा सफल हुनुभएका केही प्राचीन बौद्ध दार्शनिकहरूमा आचार्य अश्वघोष पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म इशापूर्व प्रथम शदीमा भारतको साकेत (हाल अयोध्या) नगरको एक सम्पन्न ब्राम्हणकुलमा भएको थियो । इतिहासले उहाँको पिताको नाम बिर्सिदिए पनि माताको नाम पुत्र (आचार्य अश्वघोष) कै कृतिबाट हालसम्म स्पष्ट उल्लेख भइराखेको हामी पाउँछौ, यथा-

'आर्य सुवर्णक्षीपुत्रस्य साकेतकस्य भिक्षोराचार्य भदन्ताश्वघोषस्य महाकेवर्महावादिन: कृतिरियं' को रुपमा उहाँको 'सौन्दरनन्द' महाकाव्य एवं अल्पव्य कृतिमा उल्लिखित पुष्पिका वाक्यको रुपमा स्पष्ट रहेको छ ।

ब्राम्हणकुलमा जन्मनुभएको कारण उहाँको सुरुको अध्ययन ब्राम्हण धर्मको परम्परानुसार पूर्ण भएको प्रमाण उहाँका कृतिहरूबाट स्पष्ट छ । उहाँका प्रमुख कृतिहरूमा 'बुद्ध-चरित', 'सौन्दरनन्द' र 'शारिपुत्र-प्रकरण' बाट यी तथ्य (कुरा) स्पष्ट छ ।

उहाँबाट रचित 'बुद्ध-चरित' र 'सौन्दरनन्द' महाकाव्यबाट उहाँ संस्कृत साहित्यका सुविख्यात महाकवि हुन् भन्ने तथ्य स्पष्ट हुन्छ । त्यसको अतिरिक्त उहाँ त्यसताकाका एक प्रतिष्ठित आचार्य, प्रतिभाशाली विद्वान भिक्षु, महान् तार्किक एवं प्रज्ञा सम्पन्न विचारक (दार्शनिक) पनि हुनुभएको कुरा उहाँका अन्य कृतिहरूबाट पनि छर्लङ्ग हुन आउँछ ।

एक परम्पराअनुसार भनिन्छ - उहाँ जन्मनुभएको बेला घोडाले ठूलठूलो स्वर (आवाज) मा कराएको थियो अर्थात् अश्वहरूले घोष निकालेको कारण उहाँको नाम 'अश्वघोष' राखिएको थियो ।

अन्य एक परम्पराअनुसार यस्तो पनि भनिएको छ - जब उहाँले एकसमय धर्मोपदेश दिइरहनुभएको थियो तब उहाँको स्वरबाट प्रभावित भइ घोडाहरूले दाना खानु नै भुली उहाँको स्वरमा मुग्ध भइरहेको थियो अत: उहाँलाई 'अश्वघोष' भनिएको थियो ।

जे होस्, आचार्य अश्वघोषले तत्कालीन सम्पूर्ण वैदिक वाङ्मय (हिन्दू धर्मग्रन्थ) को अध्ययनपश्चात् बौद्ध-धर्मको गुणबाट प्रभावित भई पछि बौद्धधर्म स्वीकार गर्नुभएको थियो ।

भनिन्छ, सुरुमा उहाँले कैयौं बौद्धहरूलाई शास्त्रार्थमा पराजित गरी भारतका विभिन्न भूभागमा घुमफिर गर्दै रहनुभएको थियो । जब उहाँ गान्धार एवं पेशावर (हाल पाकिस्तान) मा पुग्नुभयो तब त्यहाँ पार्श्व नामका एक बौद्ध भिक्षुसित शास्त्रार्थ हुनासाथ उहाँ पराजित भए र सदाको निमित्त उहाँ पार्श्वका शिष्यत्व ग्रहण गरी 'भिक्षु अश्वघोष' हुनुभएको थियो ।

भिक्षु पार्श्व त्यसताका एक उच्च कोटिका तार्किक, गम्भीर विद्वान एवं अनेकौं शास्त्रका ज्ञाता पनि थिए ।

उहाँका पुण्ययश नामका एक निपूण शिष्य भिक्षुलाई पनि परम्पराले भिक्षु अश्वघोषका गुरु मानिएको छ ।

बौद्धिक धर्ममा पारंगत हुनुभएका अश्वघोष - भिक्षु अश्वघोष भइसकेपछि उहाँले बुद्धधर्मलाई जनमानसमा प्रचार गर्न एक मण्डली नै तयार गर्नुभएको थियो किनकि उहाँ एक संगीतज्ञ, वीणाका कुशल बादक हुनाको कारण पनि गीति माध्यमद्वारा विशेषत: काश्मिर (गान्धार र पेशावर) का गल्ली-गल्लीहरूमा जनसमुदायलाई हाल ज्ञानमालाको भजन गाउने जस्तै विभिन्न वाद्यहरूको पनि आधार लिइ बुद्धको उपदेशतर्फ जनसमुदायको ध्यान आकृष्ट गर्दै जानमा सफल हुनुभएको थियो ।

उहाँको यस गतिविधिलाई सन् ६७१-९५ भित्रमा भारत-भ्रमणमा आउनुभएका चीनी मन्त्री इत्सिङ्गले सोही अनुरुप (भिक्षु अश्वघोषको अनुरुप) तबसम्म पनि भारतका विभिन्न बौद्ध विहारहरूमा आचार्य महाकवि अश्वघोषका काव्य-कृतिहरूको संगायनसमेत भइरहने कुरा उल्लेख गरिराख्नुभएको छ ।

अझ उहाँ (इतिसङ्ग) ले महाकवि आचार्य अश्वघोषको 'बुद्ध चरित' महाकाव्यको प्रसङ्गमा स्पष्ट उल्लेख गरिराखेको छ कि यस महाकाव्य भारतको पाँचौ प्रान्त एवं दक्षिणपूर्व एसियाको सुमात्रा, जावा आदि दीपसम्म पनि पठन-पाठन (अध्ययन-अध्यापन) को व्यवस्था छ ।

महाकवि आचार्य अश्वघोषले बुद्धको जीवन चरित एवं उपदेशमा आधारित गरी रचना गर्नुभएको 'बुद्ध-चरित' महाकाव्य हाल संस्कृत मूल रुपमा सिर्फ १४ अध्यायमात्र बाँकी रहेको र त्यसमा पनि १४ औं अध्यायको १०८ श्लोकमा सिर्फ सुरुका ३१ श्लोकको मात्र मूल प्राप्त छ । यसको पूर्ण (स्पष्ट) विवरण हिन्दीमा श्री सूर्यनारायण चौधरी एम.ए.द्वारा प्रस्तुत (सुसम्पादक एवं अनुवादक) गरिएको 'बुद्ध-चरित्र' मा राम्ररी वर्णन गरिएको छ । उहाँद्वारा अनुदित 'बुद्ध-चरित' सन् १९८५ सम्ममा चौथो संस्करण भइसकेको छ । यसको नेपाली अनुवाद पनि भइसकेको छ ।

खुशीको कुरा हो, श्री सूर्यनारायण चौधरीले 'बुद्ध-चरित' महाकाव्य अक्सफोर्ड विश्वविद्यालय, लण्डनका संस्कृत अध्यापक डा. ई.एच. जान्स्टनले सन् १९३६ मा तिब्बती अनुवादको आधारमा अंग्रेजी अनुवाद प्रस्तुत गरिएको आधारमा हिन्दी अनुवाद गर्नुभएको थियो ।

स्मरणीय छ, इश्वी प्रथम शताब्दीमा रचना गरिएको 'बुद्ध-चरित' महाकाव्य पाँचौं शताब्दीमा चीनी भाषामा र सातौं-आठौं शताब्दीमा तिब्बती भाषामा अनुवाद भइसकेको थियो । त्यस कृति १९ औं शताब्दीको अन्ततिरदेखि युरोपका कैयौं भाषाहरूमा पनि अनुवाद एवं प्रकाश भएर सर्वसुलभ भइसकेको छ जसमा फ्रेन्च अनुवाद आचार्य सिलेवनलेवी (सन् १८६३-१९३५) ले गर्नुभएको थियो ।

महाकवि आचार्य अश्वघोषले पालिको सट्टा मूल संस्कृत भाषामा २८ सर्गमा रचना गरिएको यस कृति हाल मूल संस्कृतमा आधा मात्र रहे पनि तिब्बती र चीनी भाषामा २८ सर्ग नै रहेको फलस्वरुप हाल हामीले पनि हिन्दी र नेपालीमा २८ सर्गकै रुप (पूर्ण रुप) मा अध्ययन गर्न पाएका छौं । सुरुमा सन् १८८३ मा सैमुअल वीलले यस महाकाव्यलाई चीनी भाषाबाट अंग्रेजीमा अनुवाद गर्नुभएको थियो त त्यसैलाई पुन: बढी सुस्पष्ट रुपमा उहाँ (आचार्य अश्वघोष) का अन्य रचना उहाँको धार्मिक विचार उहाँको प्रतिभा र महत्ता आदिलाई सत्यतथ्यका साथ विवेचना डा. ई.एच. जान्स्टनबाट भएको थियो ।

महाकवि आचार्य अश्वघोषका अन्य प्रमुख कृति हो - 'सौन्दरनन्द' महाकाव्य । यसलाई 'बुद्ध-चरित' को पूरक ग्रन्थको रुपमा लिइन्छ कारण यसमा बुद्ध-जीवनीसित सम्बन्धित घटनाहरू जुन 'बुद्ध-चरित' मा संक्षिप्त रुपमा विवेचन गरिराखेकोलाई यसमा सविस्तार वर्णन गरिएको हामी पाउँछौं । कपिलवस्तुको निर्माण जसको उल्लेख 'बुद्ध-चरित' मा आएको थिएन 'कपिलवस्तुको वर्णन' को रुपमा पहिलो सर्गकै रुपमा यस 'सौन्दरनन्द' महाकाव्यमा

प्रस्तुत गरिएको छ । यसै सर्गमा शाक्यहरूको उत्पत्तिको बारेमा पनि प्रस्तुत गरिएको छ ।

काव्यको दृष्टिमा 'बुद्ध-चरित' भन्दा उत्कृष्ट मानिएको 'सौन्दरनन्द' महाकाव्य १८ सर्गमा रचना गरिएको थियो । 'बुद्ध-चरित' मा बुद्धको जन्मदेखि महापरिनिर्वाणसम्मका विवरण उल्लेख गरिएको थियो त 'सौन्दरनन्द' महाकाव्यमा उहाँ (तथागत) ले आफ्नै भाइ (प्रजापति गौतमीका पुत्र) नन्द - जो बालकककालदेखि नै विलासितामा लीन एवं कामासक्त भइरहेकालाई विभिन्न तवरले अनेकौ. उपमा एव) अतिभन्दा अति सुन्दरी युवतीहरू देखाई तथागतले तिनीहरूको प्राप्तिको लोभ देखाई नन्दलाई सही मार्गमा ल्याउनुभएको, जसको पुरकको रुपमा बुद्धका निजी सेवक हुनुभएका भिक्षु आनन्दले समेत बोध गराई राखेको प्रसङ्ग आचार्य अश्वघोषले यस कृतिमा समावेश गरिराख्नुभएको छ ।

यस कृतिमा आचार्य अश्वघोषले १८ सर्गको क्रममा अन्तिम एक तिहाई सर्ग (६ वटा) मा आफ्नो सुललित वाणी वा शैलीमा बुद्ध-धर्मको सुन्दर एवं स्पष्ट व्याख्यान गरिराख्नुभएको छ । जुन यसप्रकार छ -

१) शील र इन्द्रीय संयमको प्रसङ्ग - १३ औं सर्ग
२) भोजनमा मात्रा ज्ञान एवं चित्त संयम प्रसङ्ग - १४ औं सर्ग
३) वितर्क प्रहाण वा मानसिक शुद्धि प्रसङ्ग - १५ औं सर्ग
४) चतुरार्यसत्यको व्याख्या प्रसङ्ग - १६ औं सर्ग
५) अमृतको प्राप्ति वा जीवनमुक्ति प्रसङ्ग - १७ सर्ग
६) आज्ञा व्याकरण वा गुरु शिष्य (बुद्ध र नन्द) एक आपसमा कृतज्ञताज्ञापन भाव प्रसङ्ग - १८ औं सर्ग

आचार्य महाकवि अश्वघोषको 'बुद्ध-चरित' महाकाव्यजस्तै उहाँको यस 'सौन्दरनन्द' महाकाव्य पनि देश-विदेशका कैयौं भाषाहरूमा अनुवाद भई प्रकाशित भइसकेका छन् । नेपालीमा पनि यसको अनुवाद भइसकेको छ । अनुवादक हुनुहुन्छ - गजराम बज्राचार्य, प्रकाशक सुगत पुस्तक सदन परिवार, पाटन - वि.सं. २०४० ।

हर्षको कुरा हो, यस महाकाव्यका प्राचीन दुईवटा हस्तलिखित मूलप्रति नेपालको वीरपुस्तकालयमा सुरक्षित थियो यद्यपि जुन निकै अशुद्ध र नराम्रो अवस्थामा थियो । त्यसैलाई सन् १९०५-६ मा 'एसियाटिक सोसाइटी अफ बंगाल' को तर्फबाट 'वीर पुस्तकालय' को निरीषण गर्न आउनुभएका महामहोपाध्याय हरप्रसाद शास्त्री (सन् १८५३-१९३१) ले यस महाकाव्यको मूल सम्पादन निकै परिश्रमका साथ दूषित पाठहरूलाई संशोधन गरी सन् १९१० मा 'भारतीय पुस्तकालय ग्रन्थमाला' अन्तर्गत प्रकाशित गरिएको थियो ।

यसैमा पुन: केही युरोपीय विद्वानहरू मिली जसमा विशेषत: डा. ई.एच. जान्स्टनले नै विशेष प्रयत्न गरी पुन: प्रामाणिक रुपमा सन् १९२८ मा 'सौन्दरनन्द महाकाव्य कृति प्रकाशन गरे ।

'बुद्ध-चरित' एवं 'सौन्दरनन्द' महाकाव्य रचना गर्नुका मूल लक्ष्यबारे महाकवि आचार्य अश्वघोषले आफ्ना दुवै कृतिको अन्तमा उल्लेख गरिएको श्लोकबाट स्पष्ट हुन्छ, 'बुद्ध-चरित्र' को अन्तिम सर्गको अन्तिम वचनमा भनिएको छ -

'मुनि श्रेष्ठप्रति सम्मान प्रकट गरी, मुनिकै शास्त्रानुसार, मनुष्यको हित र सुखको लागि न कि विद्वता र काव्य कौशल देखाउनको लागि यो काव्य रचना गरिएको हो ।'

यस्तै उहाँबाट 'सौन्दरनन्द' महाकाव्यको अन्तमा भनिएको छ -

'मोक्ष धर्मको व्याख्याबाट परिपूर्ण यस कृति शान्ति प्रदान गर्नको निमित्त हो न कि आनन्द दिनको निमित्त । अन्यमनस्क स्रोताहरूलाई आकृष्ट गर्नको निमित्त यो कृति काव्य शैलीमा रचना गरिएको हो । यसमा मोक्ष धर्मको अतिरिक्त मेरो तर्फबाट जे जति उल्लेखभएको छ त्यो काव्यधर्म अनुसार कृति सरस एवं सरल बनाउनको

निमित्त मात्र हो जस्तो तीतो औषधि सेवन गर्न लायक गर्न केही मधु (गुलियो) मिलाएको हुन्छ ।

*(सौन्दरनन्द - १८/६३)*

आचार्य अश्वघोषका अन्य एक प्रामाणिक कृति हो - 'शारिपुत्र प्रकरण' । ९ प्रकरणमा रचना गरिएको यस कृति झण्डै २००० वर्षपछि मध्यएसियाको तुरफान ( गोवी रेगिस्तान) को खण्डहरमा ताडपत्रमा लिखित ( हस्तलिखित) पाण्डुलिपि प्राप्त भएपछि पुनः प्रकाशमा आएको हो ।

स्मरणीय छ, सन् १९११ मा प्रो. ल्यूडर्सद्वारा प्राप्त सो हस्तलिखित ताडपत्रको पाण्डुलिपिमा अन्य दुईवटा नाट्य कृति पनि समावेश थिए जुन अश्वघोषकै कृति मानिन्छ ।

आचार्य महाकवि अश्वघोषका यी कृतिहरूका अतिरिक्त बज्र-सूची, सूत्रालंकार, गण्डिस्तोत्र गाथा, राष्ट्रपाल, महायान श्रद्धोत्पाद आदिलाई पनि उहाँकै कृतिको रुपमा लिइन्छ । आचार्य महाकवि अश्वघोषका नाममा कैयौं कृतिहरू समावेश हुन आउनुका प्रमुख कारण उहाँको बौद्ध-धर्ममा रहेको गहन पाण्डित्यता, उहाँको विलक्षण प्रतिभा र उहाँ महाकाव्यकार हुनु नै प्रमुख कारण हुन आउँछ ।

विशेषतः उहाँको प्रामाणिक उपर्युक्त संस्कृत मूल पाण्डुलिपिहरूमध्ये 'बुद्ध-चरित', 'सौन्दरनन्द' र 'शारि पुत्र प्रकरण' लाई नै सर्वाधिक उहाँको प्रामाणिक कृति मानिन्छ ।

जीवनको उत्तरार्द्धमा आचार्य महाकवि अश्वघोष कुषाण सम्राट कनिष्कको दरबारमा पुगेको स्पष्ट रहेको छ ।

कुषाण सम्राट कनिष्क (सन् ७८-१२०) पश्चिममा विजय प्राप्त गर्दै पाटलिपुत्रसम्म आक्रमण गर्न आएका थिए । पाटलिपुत्र (मगध देश) को विजयपश्चात् उहाँले महाकवि अश्वघोषको प्रतिभा (पाण्डित्य) बाट प्रभावित भई उहाँलाई आफ्नो साथ पेशावर (गान्धार) मा सँगै लिएर जानुभएको थियो । त्यसबेलासम्ममा महाकवि आचार्य अश्वघोष अयोध्याबाट पाटलिपुत्रमा आई पूरा एकदसक त्यहाँ रही बौद्ध-धर्म दर्शन एवं यवन (यूनानी) दर्शनको गहन अध्ययन गरिसक्नुभएको र आफ्नो दार्शनिक एवं कवि प्रतिभाबाट पनि समाजमा विशिष्ट व्यक्तित्वको रुपमा पहिचान (सम्मानित) भइसकेका व्यक्ति थिए । अतः उहाँ मगधनरेशको स्वीकृतिबाट नै सम्राट कनिष्कका साथ पेशावरमा जानुभएको थियो ।

उहाँले पेशावरमा पनि तुर्क, यवन, शक, पारसी आदिका साथ भारतीय संस्कृतिको विचित्र समन्वय देखि विशेष प्रभावित भई प्रसन्नताको अनुभूति गर्नुभएको थियो । पछि आएर सम्राट कनिष्कले उहाँलाई आफ्नो आध्यात्मिक उपदेष्टाका साथ राजकवि एवं राजगुरुको रुपमा नै विशेष सम्मान (पद) प्रदान गर्नुभएको थियो ।

यसको ज्वलन्त प्रमाण मौर्य सम्राट अशोक पश्चात् बुद्ध-धर्मका प्रमुख प्रचारक हुनुभएका सम्राट कनिष्कले त्यसताकाका सुप्रसिद्ध तार्किक गम्भीर विद्वान भिक्षु पार्श्वको निर्देशनमा काश्मिरको श्रीनगरमा ५०० विद्वान भिक्षुहरू सम्मिलित गराई जुन ऐतिहासिक सेगायनाको आयोजना गर्नुभएको थियो त्यसको अध्यक्ष वयोवृद्ध बौद्ध दार्शनिक बसुमित्र पश्चात् उपाध्यक्षको रुपमा काव्यकार एवं दार्शनिक आचार्य अश्वघोषलाई नियुक्त गरिएको थियो ।

यसप्रकार आचार्य महाकवि भदन्त अश्वघोष प्राचीन बौद्ध दार्शनिकहरूमा एक अग्रगण्य व्यक्तित्य हुनुहुन्छ । अतः उहाँको प्रसङ्गमा भारतका एक सुविख्यात इतिहासकार एवं पुरातत्वविद् डा. भगवत शरण उपाध्याय उल्लेख गर्नुहुन्छ -

'अश्वघोष अपने युगके सर्वाधिक उल्लेखनीय दार्शनिक होने के अतिरिक्त, बाल्मिकीके वाद भारतकै सर्वप्रथम महाकाव्यकार और नाटककार थे ।'

यस्तै महाकवि आचार्य अश्वघोषको प्रवृत्ति एवं संस्कृतिका महाकवि कालिदासको लेखन प्रवृत्ति एवं स्वभावको प्रसङ्गमा भारतका अन्य एक सुप्रसिद्ध विद्वान एवं साहित्यकार डा. भरतसिंह उपाध्याय उल्लेख गर्नुहुन्छ -

'आचार्य अश्वघोष कवि होनेके साथसाथ विचारक, जीवनके गम्भीर दार्शनिक एवं साधनाके शिक्षक थी । यह बात उतनी हड तक हमे कालिदासमे नहीं मिलती । कालिदास प्रेम और सौन्दर्यके, वैभव और विलासके कवि हैं । उनकी लेखनी ने नारियोंका श्रृङ्गार किया है परन्तु जीवनमें व्याप्त दु:खको उन्होंने कहाँ देखा है ? उनके काव्यमें जीवनका गम्भीर पक्ष कहाँ है ? कालिदासको कविता मुख्यत: श्रृङ्गारात्मक है, जब कि अश्वघोषने साफ तौरपर कहा है कि 'मनुष्योंके हित और सुखके लिए यह काव्य (बुद्ध-चरित) लिखा गया है, न कि विद्वता या काव्यकौशल दिखाने के लिए ।'

अन्तमा, इश्वीको दोस्रो शताब्दीको मध्यसम्म जीवित देखिन आएका महाकवि आचार्य अश्वघोषले आफ्नो कृति 'सौन्दरनन्द' महाकाव्यमा १६ औं सर्गको रुपमा लेखिएको चतुरार्य सत्यको व्याख्याअन्तर्गतको ३८ औं श्लोकलाई प्रस्तुत गर्न चाहन्छु, जुन श्लोकमा दु:ख मुक्तिमा लागेका व्यक्तिहरूको के, कस्तो स्वभाव हुनुपर्छ वा हुनेछ भन्ने बारेमा स्पष्ट उल्लेख गरिएको छ, त्यो श्लोक यसप्रकार रहेको छ -

*'असेषचोर घृतिरार्जवं च हिरिप्रमाद:प्रतिविक्तता च ।*
*अल्पेच्छता तुष्टिरसंगता च लोक प्रवृत्ता वरति: क्षमा चा ।'*

***अर्थ***

दु:ख मुक्तिको उपचारमा लागेका व्यक्तिले धैर्य, सरलता (मिलनसारता), लज्जा, अप्रमाद (सावधान/होश), एकान्तप्रियता, अल्पेच्छता, सन्तोष, आशक्तिको अभाव, सांसारिक (लोक) प्रवृत्तिमा अरुचि र क्षमाशील हुनु आवश्यक छ ।

ও৫ও৫ও

***सन्दर्भ***


१) **अश्वघोषकृत 'बुद्ध-चरित'**
सम्पादक और अनुवादक - सूर्यनारायण चौधरी एम.ए.
- मोतिलाल वनारसीदास
चतुर्थ संस्करण (संयुक्त-सम्पूर्ण) - १९८५

२) **अश्वघोष-कृत 'सौन्दरनन्द काव्य'**
सम्पादक और अनुवादक - सूर्यनारायण चौधरी एम.ए.
- संस्कृतभवनं, कठौतिया
विहार, जिल्ला पूर्णिया - १९५९ (द्वितीय संस्करण)

३) **महाकवि अश्वघोषकृत 'वज्र-सूची'**
- डा. रामायणप्रसाद द्विवेदी चौखम्बा अमर भारती प्रकासन वाराणसी - १९८५

४) **बोधिवृक्षकी छाया में** - डा. भरतसिंह उपाध्याय
- सस्ता साहित्य मण्डल नई दिल्ली - १९९४ (तेस्रो संस्करण)

५) **भारतीय संस्कृतिके स्रोत** - भगवतशरण उपाध्याय
- पीपुल पब्लिशिंग हाउस नई दिल्ली - १९८३

# धर्मकिर्ति विहार २

## परिचय

ख्वपया बाहा वहिया धलखय् धर्मकिर्ति विहारया नां नं पुलांगु विहारया धलखय् लानाच्वंगु दु । पूर्वय् नगांचा त्वा: व उत्तरपाखे नगरकोट वनेगुं मू लँपु अथेहे पश्चिमपाखे बेखाल त्वा: व दक्षिणपाखे क्वाठण्डौं त्वा:या क्वाठण्डौं पुखू व विश्व विहारया बीचय् ख्वप नगरपालिकाया वडा नं. ४ स्थित क्वाठण्डौं त्वालय् थुगु विहार अवस्थित जुयाच्वंगु दु । ख्वपय् थुगु विहार यां बाहा: धका: म्हसिया वयाच्वंगु दु ।

## ऐतिहासिक पृष्ठभूमि

धर्मकिर्ति विहारया स्थापना जुगु इलय्या छुं हे ऐतिहासिक दस्तावेज लुयाव:गु मदु । थनया संघ परम्परा नं टुटे जुयाच्वने धुंकुगु जुल । थथे ख:सां पशुपति विहारया दीपंकरया भण्डारय् च्वंगु छगू ब्वना पतिइ थुगु विहारया स्थापना या:म्ह दाताया वारे छुं खँ उल्लेख जुयाच्वंगुदु ।( परिसिष्ट ११ स्वया दिसँ ।) नेसं ६९४ सालं कीर्तिपुरया क्वाथनायक जयकिर्तिराजजुं दिशादि संघ महाभोज्यया लागि छ्वया:ह:गु उगु ब्वना:पतिइ श्री भूवनाकर धर्म संस्कारित श्री धर्मकिर्ति विहारया नापं पशुपति विहारया संघ सदस्यपिं दीपंकर व क्वा:पा:द्यो देवतासहित धका: सम्बोधन यानात:गु जुल । भूवनाकर धर्म संस्कारित उल्लेख यानात:गुया कारणं याना: थुगु विहार निर्माण याना: वम्ह भूवनाकर धका: स्वष्टरुपं सीदत । अथेनं थुगु बिहार गुबले निर्माण जुल धाये मफु । तर ने.सं. १९८ पाखें ल्हययात:गु बोधिचर्यावतार नांया छगू सफुतिइ भुवनाकरया नां उल्लेख जुयाच्वंगु खनेदु । सम्भवत ध्व हे भुवनाकरं थुगु धर्मकिर्ति बिहार ने.सं. १९८ साल ज:ख: निर्माण यागु खयेफु ।(शाक्य, पूर्ववत पाद टिप्पणी सं. ५४, पृष्ठ २२) अथेहे ने.सं. ५३४ सालपाखे कारोबार जुयाच्वंगु छगू तमसुक पत्रय् चारकिल्ला उल्लेख यायेगु भ्वलय् थुगु बाहाया नां यंवि बिहार धका: उल्लेख यानात:गु दु ।( परिसिष्ट १२ स्वया दिसँ ।)

च्वय् उल्लेख जुगु निगू तमसुक बाहेक मेगु पुलांगु अभिलेख लुया व:गु मदुनि । तर थन शाहकालया मेमेगु ल्वहँपौत सुरक्षित जुयाच्वंगु दनि । उकीमध्ये पुलांगु ने.सं. ९०४ सालया जुजु रणबहादुर साहया इलय्या अभिलेखय् बज्राचार्य तवधिक न थ: परिवार सहितं वहि जिर्णोद्धारयागु खँ उल्लेखयाना: वंगु दु ।((परिसिष्ट १३ स्वया दिसँ ।) ने.सं. ९११ सालया मेगु ल्वहँपतिइ उगु हे परिवारं हाकनं स्यें ल्ह्वों (मर्मत) यागुया बारे कियात:गु दु ।((परिसिष्ट १४ स्वया दिसँ ।) वि.सं. १९८८ सालया मेगु छपा: ल्वहँपतिइ प्रशन्नशील महाविहार विश्वकर्माछेंया काजिमान बुद्धाचार्यया परिवारं थुगु वहा: जिर्णोद्धारयागु खँ उल्लेख यानात:गु दु ।(परिसिष्ट १५ स्वया दिसँ ।) ल्यनाच्वंगु बाहाया सिंहया पादपिठया अभिलेख ब्वने फुगु अवस्थाय् मदु । अथेसां थनिं ख्वीदँति न्ह्योतक नं विश्वकर्मा छेंया खल:कं व क्वाठण्डौया खल:पिसं थ न दँयदसं गुँलावले वहिद्यो ब्वया:वयाच्वंगु खँ ज्याथ:पिंसं खना च्वंगु यथार्थता ख: । अथेहे थुगु वहिली दुने थ:पिनिगु आगंद्योछें दुगु खँ क्वाठण्डौ खल:पिंसं कना: वयाच्वंगु दु । उगु आंगछें वि.सं. १९९० सालया त:भुखाचय् लाना: दुनावंगु जुल । क्वाठण्डौं खल:या धा:पु अनुसारं लिपा आगंछें दनेमफया

उगु जग्गा करिब नीदँति न्ह्यो महायानी गुम्बा निर्माण यायेत सकसिनं त्वता ब्यूगु जुल ।

**विहारया स्वरूप**

ख्वपया पुलांगु वहिया नां धलखय् दकलय् च्वय लानाच्वंगु थुगु धर्मकिर्ति विहार समय प्रवाहं याना थ:गु मौलिक स्वरुप लुप्त जुइगु अवस्थाय् थ्यने धुंकुगु जुल । पश्चिम स्वया: प्रवेश जुइमा:गु थुगु वहिया पूर्व-स्वरुप थौंकन्हे चाकछिं फ:, दथुइ चैत्य व छपा: क्षेत्रपाल ( व्रजधातु चैत्य) य् जक सीमित जुइ धुंकुगु दु । गन्धुरी देवता स्थापना यानात:गु पश्चिम भागय् छ्यागु छतँजागु कोठा पकिनातय् धुंकुगु दु । थौंकन्हे थन गन्धुरी देवता नं मदय धुंकल । ल्हंया आसन सरमेत पिने तयात:गु खनेदु । गन्धुरी देवताया प्रवेशद्वारया जवंखवंया सिंहपिं नं थौंकन्हे दक्षिण पाखेया फलय तयात:गु दु । विहारया पूर्व व उत्तर पाखे निजि छें निर्माण जुया च्वंगुदु । तर दक्षिणपाखेया छ्या धा:सा: पाता जुयाच्वंगु दनि । वि.सं. १९९० सालया भूकम्पं दुनावंगु थुगु पाता: जुयावंगु थासय अर्थात् दलामय् न्हापा क्वाठण्डौ खल:यापिसं वहिद्यो ब्वयेगु जुयाच्वन । तर क्वाठण्डौ खल:या शाक्सपिंसं जानकारी ब्यूगुकथं थन वहिद्यो ब्वयेगु परम्परा ६० दँ न्ह्यो निसें तुते: जुइ धुंकुगु दु ।(सानुकाजी शाक्य, आशाबज्र शाक्य, तिर्थबज्र शाक्यपाखें जानकारी जुगुकथं ।)

वहिया चुकया दक्षिण पाखे कुनय् महायानी गुम्बा निर्माण जुगु खँ च्वय् उल्लेख जुइ धुंकुगु दु । स्वतँजागु मङ्गल धर्मदिप नांयागु थुगु गुम्बा न्हापा क्वाठण्डौ खल:या पिनिगु पाता जुयाच्वंगु आगंछेंया जग्गाय् निर्माण जुगु ख: । थ्वहे गुम्बाया दक्षिण पाखे थुगु धर्मकिर्ति विहारया सम्पदा कथं छ्ग: गं व सिखरकुत चैत्य दु । अथेहे गुम्बाया पश्चिम कुनय नं विहारया हे मेगु आकर्षक शिखर कूट चैत्य दनी । थुपिं निग चैत्यस अभिलेख धा:सा गनं तया त:गु खनेमदु । धात्यें धायेगु ख:सा: थुगु वहिया सम्पदा स्वंगु चूक (मूल विहारया चूक, दक्षिण पाखेया चुक व पश्चिम पाखेंया चूक) वज्रधातु चैत्य छ्ग: व शिखरकूट चैत्य निग याना: स्वंग चैत्य, सिंह निम्ह, गँ छ्ग:, गन्धुरी देवताया ल्वहँया आसन व क्षेत्रपालय् जक सीमित जुइधु कुगु दु । अथेख:सां थौंकन्हे नं थुगु वहिया जग्गा थुलि दु व थुकीया क्षेत्रफल थुलि दु धैगु खँ वियागु दु ।(नक्साया लागि परिसिष्ट १६ स्वया दिसँ ।)

**विहारया संघ संरचना**

धर्मकिर्ति विहारया संघ दुजपिं सुं हे मदय् धुंकल । अथेजुया थन पुलाँगु छुं परम्परा ल्यं मदय धुंकल । यक्व न्ह्यो हे थनया संघ सदस्यपिं तुत: जुगुलिं याना: न्हापा थनपा संघ खल: शाक्य ख: वा वज्राचार्य ख: धयागुतकं यकिन जुइक धायमफय धुंकल । अथेसां दीपंकर विहारय् च्वंगु तमसुक पत्र ने.सं. ६९४ या दिशादि संघ महाभोज्यया निमन्त्रणा पतिइ पशुपति विहार व थुगु धर्मकिर्ति विहारया संघ सदस्यपिंत छ्गू हे ब्वना:पौ विया:तकथं थनया संघ खल:पिं व पुशपति विहारया संघ खल:पिं छ्गू हे खल: ख:ला धयाथें च्वं । तर थुकीयात पुष्टि यायेगु छुं आधार मदु । ब्वना:पौ छ्गू हे जुगुलिं धा:सा निगू विहार ( आदिपद्म व धर्मकिर्ति विहार) या दथुइ घनिष्ठ स्वापू दु धका: अनुमान याये ज्याछिं । थन विहारय् दुगु निपा: ल्वहँपौ कथं वज्राचार्य तवधिक नं सें ल्हों: याना: धका: उल्लेख याना: त:गुदुगु जूसां तवधिक वज्राचार्यमा थुगु विहार नापं गुजागु सम्बन्ध दुधैगु स्पष्टकथं उल्लेख याये थाकुगु जुल ।

ᔕᔕᔕ

**अर्थ न वर्थका हजारौं वाक्य श्लोक पढ्नु भन्दा एउटामात्र सार्थक वाक्य वा श्लोक सुन्नाले वा पढ्नाले शान्ति प्राप्त हुन्छ ।**

***गौतम बुद्ध***

# रोग, भोक गरिबी एवं कु-संस्कारको अन्त्यको मूल कारण

डि.आर. शाक्य "ऋषि"

*जिघच्छा परमा रोग, संखारा परमा दुखा*
*एवं ञत्वा यथाभूतं निब्बानं परमं सुखं ॥७॥ धम्मपद*

अर्थ - भोक लाग्नु जति ठूलो रोक अरु केही छैन, संस्कार जति अरु ठूलो दुःख केही छैन । यसको कारण यथार्थ रुपले जानिराख्ने अवस्थामा निर्वाण जति अरु ठूलो सुख नै छैन ।

**बुद्धकालीन घटना प्रसङ्ग कथा**

यो उपदेश तथागत बुद्ध पाँचसय भिक्षुहरू साथ आलवी नगरमा भोजन आमन्त्रणमा जानुभएको बेलामा भन्नुभएको थियो । जुन बेला बुद्धसहित भिक्षुहरू त्यहाँ पुग्नुभयो र त्यहाँका नगरवासीहरूबाट भोजन प्रदान भइरहेकै बेलामा सोही स्थानकै एउटा गरिब किसानको गोरु डोरी फुत्काइ कहीं कतै भागेर गएछ । त्यसले गर्दा सोही गोरुकै भरमा पनि जीवन निर्वाह गर्नुपर्ने भएकोले किसानले आफ्नो गोरुको खोजिमा लाग्नुपर्ने बाध्यताले गर्दा आफ्नै नगरमा बुद्धको आगमन भए तापनि बुद्धको दर्शन र प्रवचन श्रवण गर्ने प्रबल इच्छा भए तापनि आफ्नो छोरा समानको गोरुको खोजीमा लाग्नुपरेको र दिनभरि झैं खालि पेटमा पसिना खलखल बगाइ गोरुको खोजीमा लागेका भोकले अति नै थकित भइ दुःख पाएका ती किसानले बल्ल बल्ल साँझतिर आफ्नो हराएको गोरु भेटाए छ । गोरु भटिएकोले अलिकति मन शान्त भएको बेलामा उक्त गोरुलाई अरु गोरुहरू भएकै ठाउँमा बाँधेर बुद्ध दर्शनको लागि त्यहाँ पुगेछ र त्यहाँ बुद्धलाई बन्दना गरी एक ठाउँमा बसेछ । बुद्धले उहाँको अवस्था बुझि बाँकी भएका भोजन उहाँलाई खान दिनुभयो । जब किसानले सन्तोषपूर्वक भोजन गर्नुभयो त्यसपछि मात्र बुद्धले उहाँलाई उपदेश सुनाउनुभयो । सोही उपदेश श्रवणबाट गरिब किसान स्रोतावन्न मार्ग फलमा पुग्नुभयो अर्थात् सम्पूर्ण अन्धविश्वास एवं दूषित संस्कारको भुमरीबाट छुट्कारा हुनुभयो । यो नै सम्पूर्ण दुःख मुक्तिको (निर्वाण) पहिलो खुड्किलो पनि हो । त्यसपछि उहाँ सोही स्थानबाट उठ्नुभई बुद्धलाई अभिवादन गरी आफ्नो काममा लाग्नुभयो । त्यो दृश्य देखेर भिक्षुहरूबीच कुरा भयो । हेर आबुसो ! हाम्रो शास्ता (बुद्ध) ले के गर्नुभएको रहेछ । त्यो गरिब किसानलाई भोजन गराउन भएछ । बुद्धले त्यो कुरा सुनी भिक्षुहरूलाई भन्नुभयो । हो ! भिक्षुहरू हो ! मैले त्यो भोकाएका किसानलाई खान दिएको हुँ । त्यो किसान ज्यादै भोकाएको छ । अघिसम्म पनि उसको पेट खालि नै थियो । जङ्गलमा उसको गोरु खोज्दाखोज्दै बल्ल उसको गोरु भेटिएकोले खालि पेटमै धर्म श्रवणको लागि यहाँ आउनुभएको रहेछ । त्यसकारण पहिला धर्म श्रवण होइन भोक मेटाउनु जरुरी थियो । भोको पेटले धर्म श्रवण गर्न सक्दैन । अतः एवं भोक लाग्नु जति अरु केही ठूलो रोग छैन । त्यसैगरी यो संसारको दुःखको दलदलमा फसिरहनुपर्ने हाम्रो दूषित संस्कार के कारणले गर्दा भएकोले हो । संस्कार जति ठूलो दुःख अरु केही छैन । जब हामी यिनैको कारण बुझेर निर्वाण लाभको ज्ञान प्राप्त हुनेछ सो

भन्दा अरु सुखद केही पनि छैन भनेर बुद्धले उक्त गाथा उपदेशको रुपमा दिनुभयो ।

वास्तवमा यो जगतमा कोही पनि प्राणीहरू आहार विना बाच्न सक्दैन । सम्पूर्ण प्राणीजगत जीवन चराचरहरू आहारमा नै आश्रित भई बाँचिरहेका छन् । संसारको इको सिष्टम पनि आहारमा नै केन्द्रित छ । निराधार वा विना आहारले पनि प्राणीहरू बाँच्न सकिन्छ भन्ने कुरा एकदमै अवैज्ञानिक कुरा हो । जुन कुरा सिद्धार्थले बुद्धत्व प्राप्तीको लागि ६ वर्षसम्म खोज अन्वेषण साथै विना आहारले तपस्या गर्नुभएको थियो । तर ज्ञान लाभ हुनु त के ! आफ्नो प्राणसम्म पनि रहन मुस्किल भएको थियो । त्यसकारण मन ! र शरीरको स्वस्थताको लागि ऊर्जा चाहिन्छ । त्यो ऊर्जा भनेको आहार हो । त्यहीं आहार सुजाता कन्यामार्फत् प्राप्त भएपछि सिद्धार्थले आफ्नो मन र शरीरलाई सन्तुलनमा राख्नुभई गया सिसको किनारमा बरपिपल रुख मुनि बज्रासनमा बस्नु भई विशेष रुपले कठिन अधिस्थान गर्नु भई वैशाख पूर्णिमाको बिहानीको प्रथम प्रहरमा सम्यक सम्बोधी ज्ञान अर्थात् बुद्धत्व लाभ गर्नुभयो । सिद्धार्थ जुन स्थान वा आसनमा बसेर बुद्धत्वः लाभ गरेको थियो । त्यो आसनलाई बोधिमण्डप भने गरिन्छ । त्यस्तै जुन बरपिपल रुख मुनि बसेर ज्ञानलाभ गरे त्यसलाई बोधिवृक्ष भन्ने गरिन्छ ।

बुद्धकालीन समयका जति पनि पात्रहरूको जीवनका घटनाहरूको वर्णन भएको थियो । यी सबै जसो संस्कारमा नै जडिएर रहेको छ । बुद्धको आफ्नै भाइ पर्ने (फुफुको छोरा) देवदत्तको पटनको घटना, बुद्धको आफ्नै वंश शाक्यहरूको पर्वतसम्बन्धी घटना, अजातशत्रुले आफ्नै बाबुलाई मारेपछि आफ्नै छोराले पनि आफूलाई मारेको घटना, पाटाचाराको घटना कालियाक्खिनिको घटना, अहिंसक अंगुलिमाल डाखुँ भएको घटना, स्वयम् बुद्धत्व माहा-श्रावक कहलिएका भिक्षु मोग्गलायनको हत्या भएको घटना आदि इत्यादि दुःखद घटनाहरू सबै नै कर्म र कर्म विपाक एवं संस्कारबाट नै दुःखद घटना भएको कुरा मान सकिन्छ । जुन कुरा बुद्धकालीन साहित्यमा उल्लेख भएको छ ।

अतः एवं हिजो आज यो विश्वजगतमा त्यस्ता व्यक्तिहरू पनि देखा पर्न थालिए । यस्ता कर्म र कर्मफल एवं संस्कारलाई मान्यता नदिने दार्शनिकहरू मध्ये बुद्ध कालमा अलि चर्चामा आएका पूरण कशव पनि एक हुन् । जसलाई भौतिकवादी मानिन्छ । जस्तोसुकै व्यक्तिले कर्म-कर्म फल विपाकलाई विश्वास नगर्ने नै भए तापनि त्यसले जानी नजानीकन नै संस्कारहरूको खेती गरेकै हुन्छ । जुन कुरा प्रत्यक्ष नै मन अर्थात् चित्त विज्ञानसँग सम्बन्धित हुन्छ । पञ्चतत्व अर्थात् चतुमाहाभूटको रुपा धातु नाम धातु भएपछि म यस्तो कुरा मान्दिन भन्ने सवालै उठ्दैन । यी नै नाम र रुपले जुन किसिमको काम गरिन्छ त्यसैको परिणती अनुसार कुसल अकुसल चित्त मनोवृत्त हुन्छ । कुसल मनोवृत्ति चित्तबाट कल्याण हुन्छ । अकुशल मनोवृत्ति चित्तबाट अकल्याण हुन्छ र यसले राग, द्वेष चित्त भावनाको विकास गरिन्छ ।

जसले नराम्रो कर्म गरी नरामो संस्कार बनाइदिन्छ । यस्तै प्रासङ्गिक घट्नाहरूमध्ये बुद्धकालीन समयकै एउटा महत्त्वपूर्ण घटना श्रावस्ती जेतवन विहार बाहिरका एउटा ‘चुण्ड सुकरिक’ नामक कसाईले दिनहुँ सुँगुर मारेर मासु बेच्ने गरिन्छ । समय धेरै भयो उसको संस्कारको रुखमा फलेको फल विस्तारै पाक्दै आयो अर्थात् उसको उमेर पनि ढलिन्दै गयो तब उ पिडा भएका छटपटिएका सुँगुरजस्तै कराउन थालिएछ । किन भने उसले पनि सुँगुरलाई त्यसरी नै मारेको थियो । बेसरी उमालेको पानी सुँगुरको मुखमा खन्याएर अति पिडा दिएर मारिन्छ त्यसैको कर्म विपाक पनि यहीं जन्ममा नै देख्न पाउने गरी अत्यन्त दुःखदायी रुपले भोग्नुपरेको र त्यसैको पीडाबाट मृत्यु भएको कुरा पनि नराम्रो संस्कार कै कारणले हो ।

झण्डै एकदशक अगाडिको कुरा हो । अफगानिस्तानको वामियान झण्डै १५० फिटको बुद्धमूर्ति अलकाइडा समूहका मुसलमानहरूले ध्वस्त गरी नराम्रो कर्म संस्कारको खेती गरायो । त्यसैको परिणाममा केही समयमै आफ्नै देश छाडेर भाग्नुपर्ने स्थिति ल्याइदियो र पछि उहीं अलकाइडाको नाइकेको पनि हत्या भयो । प्रत्येक मानिसको जीवनको सुख-दु:खको जिम्मेवार आखिर मन नै हो । यिनै मनको कारणबाट संस्कार बनाइ दिन्छ । वास्तवमा ज्ञानी व्यक्तिहरू यिनै कारणलाई बुझेर दु:ख मुक्तिको कारण पत्ता लगाई निर्वाण लाभ गर्नु सबैभन्दा सुख हो भनेर बुद्ध दर्शनले भनिएको छ ।

आखिर मानिसको जीवनमा संस्कारको निरोध गर्ने हतियार पनि त संस्कार नै हो । जसलाई हामी त्यसलाई सु-संस्कारको रुपमा लिन सकिन्छ भने निरोध गर्नुपर्ने संस्कार कुसंस्कार हो । जुन संस्कारबाट दु:ख समुदय हुन्छ अर्थात् अनित्य, दु:ख र अनात्ममा परिन्छ र भवचक्तको निर्माण पनि हुन्छ ।

जुन संस्कारले दु:ख निरोध गरिन्छ त्यसलाई शील, समाधी, प्रज्ञा भनिन्छ अर्थात् आर्य अष्टांगिक मार्ग (मध्यम मार्ग) पनि भनिन्छ यिनै संस्कार कुसल संस्कार हो दु:ख मुक्तिको संस्कार हो ।

आजभोलि यिनै प्रत्यक्ष रुपले जीवनमा वास्तविक सुख दिने संस्कारलाई अलग्याई तोडमोड गरी कपोलकल्पित संस्कार सिर्जना गर्ने कति आजका नवपण्डितहरू विद्वानहरू पनि हाम्रो समाजमा देखा पर्न थालेका छन् । जसले आफ्नो प्राज्ञिकता, विद्वता, पण्डित्याईता बहुजन हित सुखको लागि नभई मुखले सर्वजन भनिए पनि आफ्नो मात्र हित हुने खालको धर्म संस्कारहरू व्याख्या जनताको लागि खोट लागेको मुद्रा सरह हुनेछ । जसको भावना सत्काय दृष्टि छ । जसको शिक्षा, ज्ञान आदि कुरा आफ्नै लागि मात्र छ । जसले आफ्नो परिवारको नै हित गर्न चाहँदैन भने त्यसले सर्वजनको के हित गर्छ ? आखिर यस्तो संस्कार पनि त दु:ख सिर्जना गर्ने भएकोले । त्यस्तो दु:ख सिर्जना गर्ने संस्कारलाई नै हामी विद्वान पण्डित भनाउँदाहरूले पनि चिलाउने खटिरामा कन्याएर आनन्द लिएजस्तै आनन्दित भएर बसेका छौं । अत: एवं कन्याइसकेपछि त्यसले कति पीडा दिन्छ तबमात्र थाहा पाउने छ । त्यसैकारण बुद्धि विलासिताका विद्वानभन्दा व्यवहारवादी ज्ञानी व्यक्तिहरू त्यस्ता अकुसल संस्कारको खेती नगरी कुसल संस्कारको विजारोपन गरी साँच्चैकै दु:ख मुक्तिको बाटो बुझेर समाजलाई सम्प्रेसन गर्न सकिएमा आफ्नो र समाजको पनि कल्याण हुनेछ । सायद यो नै उत्तम मार्ग हो जस्तो लाग्छ । यसैले समाजको कु-संस्कार अन्त हुने दु:ख निरोधको यहीं नै हो भने जस्तो लाग्छ ।


प्रेम ज्योती शाक्य
यागु ज्यास:

भिंगु व न्हूगु डिजाइन या तिसा
दयकेमासा व तयारी तिसा ज्वलं
न्यायमासा जिमिगु ज्यासले स्वापु तया
दिसँ/सुभाय् ।



प्रो. राकेश शाक्य
सुकुलढोका-८, भक्तपुर
मो. ९८४१२००४४८

# शरीर स्यंका ध्यान यायेमज्यू

गोपीकृष्ण प्रजापति


मनु जीवन प्राप्त जुई, ल्यायम्ह जुई, हर्ताकर्ता जुई, वृद्ध अशक्त जुई । अले छन्हू अन्त्य जुइ । थ: खराती जुयेमानि धयागु खँ सिइका सम्यक जीवन हने सय्‌केमा । भीं छन्हु अवस्य सिइ मानि तर गुम्हं मनु सी त्ययकानं देय्‌या लागि ज्या याई । व मनु लिपाथ्वंक नां चले जुया च्वनि । अज्यापिं मनु संसारे यक्व हे नां चले जुया च्वंपिं त:त: धंपिं वैज्ञानिक त व प्राणी शास्त्रीपिं, च्वमिपिं, कविपिं प्रशिद्धि प्राप्त कलाकारत व कालीगरत मध्यनं महत्वपूर्ण व्यक्ति धयाम्ह अमरत्व बुद्धत्व प्राप्ति ख: । गुम्ह मनुं सारा जनताया लागि थ:गु जीवन बलिदान याई वंहे बुद्धत्व प्राप्त याई । सारा जनताया भिं जुइगु ज्याय् गुणयुक्त धर्म देशना व भिं ज्याय् लगे जुया च्वनि । वयात बुद्धया सन्मान विइ । बुद्ध धयाम्ह विश्वया जनतायात सुख जुइगु ज्याय् सहयोगी जुया थ:गु जीवन यमराजया ल्हातय् अर्पण याइम्ह मनु ख: थानथुमम्ह मखु । बुद्ध समानम्ह ख: । तर भीगु समाजय् बुद्धया म्हगस साकार मायेमागु खँ लोमंके मज्यु । ग्वीगुम्ह स्याना छम्ह जक म्वाकेगु हिंसा ख: । छम्ह स्याना ग्वीगुम्ह म्वाकेगु हिंसा मखु । समाजय् शोषण याना मुंकगु धन हिंसा ख: । बुद्ध भीत धया विज्यात-कतया दोष माले मते गबलें थ:गु दोष व तृष्णा छ्वये सयेगु स्व । राजा शुद्धोधनया दरबारय् गरिब जनता दु:ख सिया च्वंगु व दरबार दुनय् दरबारया आसेपासे दरबारी कर्मचारीत व मन्त्रीगण, भाइभारदारया चहलपहल हप्की डप्की ज्या याकिगु जनताया सेवाया नामय् जनता कर मुनेमागु व लुटपाट याकाला सिद्धार्थयात अतिकंहे मयोगु जुया च्वन । थ:गु जीवन संसारय् तक्यना च्वंगु सिइका सारा जनताया जीवन सुख: व शान्तिया लागिं दरबार, राजपरिवार कला व काय् तकं त्यागयाना सारा जनताया लागि सुख, शान्ति ज्ञानया लागिं यकान्त वनवासे विज्यात । लछि लत्या जक मखु लां लां तकं पहाड-पर्वत जंगल व खुशि याकचा चा चा हुला च्वन ।

छन्हु याकचा चाहुला च्वंम्ह सिद्धार्थ जंगलया छगु आश्रमय् आरामया निम्ति दुहाँ वं बलय् ध्यान मगनम्ह वृद्ध बर्म्हुयात सिद्धार्थ खन । व वृद्धम्ह बर्म्हु याके सिद्धार्थ न्यना विज्यात - जि थन बास च्वनेया निम्ति छिके अनुरोध याना च्वना जित बास विया दिगु खला ? व वृद्ध बर्म्हु लिस:बिल - छुं फरक मजु थन वास च्वना दिसँ । उबलेसं निस्यें सिद्धार्थ वृद्ध बर्म्हुया चेला जुया ध्यान याना विज्यात । सारा जीव जगतया सुख व शान्तिया निम्ति वहे जंगलया आश्रमय् न्हिं छक्वा जक नया अतिकं कष्ट नया तपस्या याना वृद्ध बर्म्हुया सेवा याना विज्यात । ६ दँ तक ध्यान तपस्या याना थ:गु शरीर कमजोर जुइका च्वन । थ:गु शरीर अशक्त जुसानं छुं हे उपलब्धि मजूगुलिं ध्यान तपस्या त्व:ता विज्यात । सिद्धार्थ नसा मनु खना वृद्ध बर्म्हु तसकं तं चाया सिद्धार्थयात व थासं पितिना हल । सिद्धार्थ व जंगलया आश्रम त्व:ता सेनानि गामय् ध्यंका सुजाता नांम्ह मिसामचाया ल्हातं तसकं सात्विक भोजन याना विज्यात । भोजनया प्रभावं सिद्धार्थया स्वास्थ बलाना वल । अले सुजाता याके बिदा कया सिद्धार्थ भारतया विहार प्रान्तया गया विज्यात । वंगलसिमा क्वय् बोधी मण्डपय् ध्यान याना विज्यात । थुन्हुतक ध्यान च्वने धुनानि वैसाख पुन्हिया सुथसिया स्वंगु प्रहरे सम्यक सम्बोधि ज्ञान प्राप्त याना बुद्धत्व प्राप्त याना बुद्ध जुया विज्यात ।

बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित

# अर्हत

साहित्यिक पत्रिकाको
निरन्तर प्रकाशनको निमित
हार्दिक शुभकामना व्यक्त गर्दछ ।



## गणेश फै ध्वाका ईंटा उद्योग

फै ध्वाका भक्तपुर

मो. नं. : ९८५१०७४६७४, ९८५१०६९८७१

प्रो. कृष्णभक्त सुवाल




पिकनिक, विवाह, व्रतबन्ध तथा शुभकार्यका लागि चाहिने सम्पूर्ण खाद्य सर-सामानहरुका लागि सम्पर्क गर्नुहोला ।

# सुकुलढोका सपिङ्ग सेन्टर

भक्तपुर-७

फोन नं. : ०१-२०५२७६, ६६१०९५०